का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ वैशाख २०८२,
शुक्रबार
2 May, 2025
Friday


मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ८९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# वैदेशिक रोजगारी प्रलोभनमा करोडौं ठगी




**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, १८ वैशाख ।

नेपाल प्रहरीले बिहीबार वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने ४ जनालाई पक्राउ गरेको छ । विदेश पठाइदिने नाममा मोटो रकम लिई सम्पर्कविहीन भएका भन्ने पीडितहरूको उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुले उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा ललितपुर महालक्ष्मी नगरपालिका- ५ घर भएका ३९ वर्षीय सम्पूर्ण केसी, सोही नगरपालिका- ३ बस्ने काभ्रेपलाञ्चोक पाँचखाल नगरपालिका- ३ का २९ वर्षीय सुजन गिरी, काठमाडौं महानगरपालिका- ३ बस्ने पाल्पा रम्भा गाउँपालिका- ५ का ५८ वर्षीय शिरबहादुर बराल र तारकेश्वर नगरपालिका- ४ घर भएकी ३३ वर्षीया सरस्वती देवकोटा छन् ।

उनीहरूले ५ जना व्यक्तिसँग विभिन्न मुलुक पठाइदिने नाममा ७० लाख १५ हजार ठगी गरेका उजुरी परेको जिल्ला प्रहरी परिसर टेकुले जनाएको छ ।

पक्राउ परेकामध्ये सम्पूर्ण केसीले यूके पठाइदिन्छु भन्दै १ जनाबाट ३५ लाख, सुजनले यूके पठादिन्छु भन्दै १ जनाबाट २६ लाख ६५ हजार, शिरबहादुरले दक्षिण कोरिया पठाइदिन्छु भन्दै १ जनाबाट ७ लाख ५० हजार र सरस्वतीले यूएई पठाइदिन्छु भन्दै २ जनाबाट १ लाख रुपैयाँ लिई सम्पर्कविहीन थिए । उनीहरूलाई केही दिनदेखि प्रहरीले सूक्ष्म निगरानी गरिरहेको प्रहरीको भनाइ छ ।

यस्तै दैनिकजसो वैदेशिक रोजगारीमा पठाउने नाममा ठगी भएका घटनाहरू प्रशस्त छन् । मोरङ कानेपोखरी गाउँपालिका- २ घर भएकी ५१ वर्षीया मुना कार्कीले दक्षिण कोरिया पठाइदिन्छु भन्दै १ जनाबाट ३ लाख ४० हजार रुपैयाँ लिई सम्पर्कविहीन थिइन् । त्यस्तै, दाङ तुलसीपुर उपमहानगरपालिका- ६ घर भएका ३१ वर्षीय नारायण बस्नेतले चेक रिपब्लिक पठाइदिन्छु भन्दै १ जनाबाट ३ लाख ४० हजार रुपैयाँ लिई सम्पर्कविहीन थिए । उनीहरूलाई काठमाडौंका विभिन्न स्थानबाट वैशाख दोस्रो हप्ता पक्राउ गरेको प्रहरीको भनाइ छ ।

उता, अजरबैजान पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा गोरखा अजिरकोट गाउँपालिका- ४ घर भएका २२ वर्षीय अनिल देवकोटालाई बुधबार पक्राउ गरिएको थियो । उनी २ जना पीडितहरूबाट ६ लाख रुपैयाँ लिई सम्पर्कविहीन थिए । >>> पृष्ठ २ मा



# शिक्षक आन्दोलन विभाजित

**मध्यान्ह समाचारदाता**
काठमाडौं, १८ वैशाख ।

गत २० चैतदेखि शैक्षिक हडतालको घोषणा गर्दै सडक आन्दोलनमा निस्किएका शिक्षक-कर्मचारीको आन्दोलन १८ वैशाखदेखि स्थगित भएको भनिए पनि उनीहरूबीच विभाजन देखिएको छ ।

सरकारसँग ९ बुँदे सहमति गरेर आन्दोलन स्थगन गरेको नेपाल शिक्षक महासंघले तल्लो तहका शिक्षक र कर्मचारीको बेवास्ता गरेको निष्कर्षसहित आन्दोलनलाई निरन्तरता दिने विद्यालय कर्मचारीले जनाएका छन् ।

सरकारसँग भएको ९ बुँदे सहमतिप्रति विद्यालय कर्मचारीहरूले असन्तुष्टि राख्दै विगतमा सरकारसँग भएको सम्झौता कार्यान्वयन गर्दै शिक्षा ऐन माग गरेर सडकमा आएको नेपाल शिक्षक महासंघले अन्तिममा धोका दिएको आरोप लगाएका हुन् ।

सहमतिबारे जानकारी गराउन बिहीबार बानेश्वरको रत्नराज्य माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीविरुद्ध नाराबाजीसमेत भएको छ । असन्तुष्ट विद्यालय कर्मचारीको नाराबाजीका कारण महासंघका अध्यक्ष सुवेदी त्यहाँबाट सुरक्षाकर्मीको सहयोगमा बाहिरिएका थिए ।

सरकारसँग भएको सहमति विशुद्ध स्थायी शिक्षकहरूको हितमा मात्र केन्द्रित रहेको असन्तुष्ट पक्षको गुनासो छ । उनीहरूले राहत, बालविकास, उच्च मावि शिक्षक कसैको पनि माग सम्बोधन नभएको बताएका छन् ।

तर, महासंघका अध्यक्ष सुवेदीले यो विषयमा आफू पनि सन्तुष्ट नभएको बताउँदै सरकार र महासंघबीच ९ बुँदे सहमतिका विषयमा बुझाउने प्रयास गरेका थिए । सम्झौताअनुसारै १५ असारभित्र विद्यालय शिक्षा ऐन जारी गर्ने विषयमा प्रतिबद्धता गरिएको छ ।

उक्त सहमतिप्रति महासंघका घटक संगठनहरू परिषद्सहित संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु), बालविकास शिक्षकलगायत >>> पृष्ठ २ मा

# पहुँचवाला चौथाइवाले २४ घण्टामै सके 'हेभिवेट' भेट

**चौथाइवाले र नेपालका नेताहरूबीचको भेटमा भारतको जम्मु-कश्मीरमा भएको आक्रमणको विषयमा कुराकानी भएको छ । उक्त घटनाको नेपाली नेताहरूले निन्दा गरेका छन्**



नेपाल र भारतका बीचमा सदिऔंदखि गहिरो सम्बन्ध छ । यही सम्बन्धअन्तर्गत दुवै देशका नेताहरू आउजाउ गरिरहेका हुन्छन् । चौथाइवालेको नेपाल भ्रमण पनि त्यसकै निरन्तरता हो

**■ उदयशम्शेर जबरा**
**नेता, नेपाली कांग्रेस**



**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १८ वैशाख ।

भारतीय जनता पार्टी (भाजपा)का विदेश विभाग प्रमुख डा. विजय चौथाइवाले बुधबार काठमाडौं ओर्लिए । बिहीबारसम्म उनले नेपालका शीर्ष राजनीतिक नेतृत्वसँग भेटघाट सकेका छन् ।

२४ घण्टाभित्रै उनले काठमाडौंमा बहालवाला प्रधानमन्त्री केपी शर्मा ओलीसहित अन्य ३ पूर्वप्रधानमन्त्रीसँग भलाकुसारी गरे । यति मात्र होइन, प्रमुख ३ राजनीतिक दलका दोस्रो तहका नेताहरूले समेत चौथाइवालेसँग भेटवार्ता गरे ।

चौथाइवालेले बुधबार नै कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री डा. आरजु राणासँग भेट गरेका थिए । देउवालाई भेट्न उनकै निवास बूढानीलकण्ठ पुगेका थिए । गृहमन्त्री लेखकलाई भेट्न >>> पृष्ठ २ मा

# जनमत–नाउपा एकीकरण अनिश्चित

**निमिष झा / मध्यान्ह**
काठमाडौं, १८ वैशाख ।

जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी (नाउपा)को एकता घोषणा अनिश्चित बनेको छ । दुवै पार्टीका नेताहरूले पार्टी एकीकरण प्रक्रिया केही दिनका लागि स्थगित भएको बताएका छन् ।

२ पार्टीको एकता घोषणा बुधबार प्रज्ञा भवन काठमाडौंमा तय भएको थियो । तर, नाउपाका संरक्षक रेशम चौधरी सर्वोच्च अदालतको नक्कली पक्राउ पुर्जीका आधारमा पक्राउ परेपछि एकता प्रक्रिया अन्तिममा भाँडिएको थियो । दुवै पार्टीले बुधबार ९ बुँदे सहमतिसहित पार्टी एकता घोषणा गर्ने तयारी गरेका थिए ।

सर्वोच्च अदालतका शाखा अधिकृत महिमानसिंह बिष्टले लेखेको पत्रका आधारमा प्रहरीले चौधरीलाई प्रकाउ गरेको थियो । बिष्टले अनधिकृत पत्र लेखेका भन्दै सर्वोच्चको अर्को पत्रका आधारमा चौधरी सोही दिन नै रिहा भएका थिए । एकता तत्काल स्थगित भए पनि नयाँ मिति तोकिएको छैन ।

अब दुवै पार्टीले चौधरी पक्राउ परेको घटनाको समीक्षा गरेर मात्र अगाडि बढ्ने जनाएको छ । जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानका अनुसार चौधरी >>> पृष्ठ २ मा






रेशम पक्राउ विषयमा समीक्षा गर्नुपर्ने आवश्यकता छ । सरकार र अदालत सबैको समीक्षा गरेर मात्र एकता गर्छौं

**■ गंगाराम चौधरी**
**नेता, नागरिक उन्मुक्ति पार्टी**

## थप छलफल गरिने

नाउपाका नेता गंगाराम चौधरीले रेशम पक्राउ परेपछि संयुक्त बैठक बस्ने भनिए पनि औपचारिक रूपमा नबसेका कारण एकीकरण प्रक्रिया कसरी लैजाने भन्ने टुंगो नलागेको बताए । 'घटना भएपछि समीक्षा गर्नुपर्ने आवश्यकता छ । सरकार र अदालत सबैको समीक्षा गर्छौं', खानले भने ।

जनमत र नाउपामा एउटा कर्मचारीको भरमा मात्र बिहीबारको घटना नभएको बुझाइ छ । अधिकृत तहका कर्मचारी बिष्टले राज्य वा अदालतको उपल्लो तहबाट आड नभई प्रहरीलाई पत्र लेख्न आँट कसरी आयो ? भनी चौधरीले आशंका व्यक्त गरे । दुवै दलको केन्द्रीय समितिले एकीकरण गर्ने औपचारिक निर्णय >>> पृष्ठ २ मा

# उडिसामा फेरि नेपाली विद्यार्थीको मृत्यु



**काठमाडौं / मस-** भारतको उडिसामा फेरि १ नेपाली छात्राको मृत्यु भएको छ ।

उडिसाको राजधानी भुवनेश्वरमा रहेको कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) विश्वविद्यालयमा फेरि अर्की नेपाली विद्यार्थी मृत फेला परेकी छन् ।

केआईआईटीमा कम्प्युटर विज्ञानकी प्रथम वर्षकी छात्रा प्रिसा साहको मृत्यु भएको उडिसाका स्थानीय संचार माध्यमहरूले जनाएका छन् । साह प्रथम वर्षको परीक्षा दिनका लागि विश्वविद्यालयको होस्टेलमै बस्दै आएकी थिइन् । उनी वीरगंजकी स्थायी बासिन्दा हुन् ।

उनी केआईआईटीको होस्टलको कोठा नम्बर ११ मा बस्दै आएकी थिइन् । उनको शरीर कोठाभित्र झुण्डिएको अवस्थमा फेला परेको छ । उनले के कति कारणले आत्महत्या गरेकी हुन् भन्ने विषयमा केही खुलेको छैन । उनी होस्टलमा >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# 'श्रम संसार' पोर्टलको सुरुवात

## वैदेशिक रोजगारका सूचना र जानकारी पालिकास्तरसम्म

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ वैशाख ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले 'श्रम संसार' पोर्टलको सुरुवात गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले १३६औं अन्तर ाष्ट्रिय श्रमिक दिवसको अवसरमा बिहीबार आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा श्रम संसार पोर्टलको शुभारम्भ गरे । राष्ट्रिय परिचयपत्रसँग जोडिने पोर्टलमा वैदेशिक रोजगार विभागले जारी गर्ने श्रम स्वीकृतिको विवरणसहित वैदेशिक रोजगार प्रशासनका सबै सूचना तथा जानकारी रहने मन्त्रालयले जनाएको छ ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले सरकारले आगामी दशकलाई आन्तरिक समृद्धि प्रवर्द्धनको दशक बनाउने भएकाले सबैले सहयोग र समन्वय गर्नुपर्ने बताए । प्रधानमन्त्री ओलीले स्वदेश तथा विदेशमा रहने सम्पूर्ण श्रमजीवी नेपालीमा शुभकामना व्यक्त गर्दै अन्तर्राष्ट्रिय श्रमिक संगठन (आइएलओ)ले यस वर्षका लागि तय गरेको 'सेफ्टी एन्ड हेल्थ अफ वर्कर, डिजिटलाइजेसन एन्ड द फ्युचर अफ वर्क' नारा नेपालका लागि पनि सान्दर्भिक रहेको उल्लेख गरे । आइएलओले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) जस्ता नयाँ प्रविधिको प्रयोग गरी श्रमिकको स्वास्थ्य र सुरक्षामा गर्न सकिने विषय पनि अघि सारेको भन्दै प्रधानमन्त्री ओलीले श्रम संसार पोर्टलले श्रम तथा रोजगारको माग तथा आपूर्ति विश्लेषण, रोजगारीमा आबद्धता, रोजगारदाता संस्थाको नियमनलगायतका विषयको लाभ जनस्तरसम्म पुऱ्याउन सहयोगी हुने विश्वास व्यक्त गरे । प्रधानमन्त्री ओलीले नागरिकमा श्रमको सम्मान गर्ने बानीको >>> पृष्ठ २ मा

## एसोसिएसनको वनभोजमा मनोरञ्जनदेखि सिन्डिकेटसम्मको चर्चा



**काठमाडौं / मस-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले ललितपुरको गोदावरीमा बृहत् व्यवसायी वनभोज कार्यक्रम सम्पन्न गरेको छ । उल्लेख्य संख्यामा व्यवसायी सहभागी वनभोज कार्यक्रममा सांगीतिक प्रस्तुतिसहित मलेसिया सिन्डिकेटको चर्चा चलेको थियो ।

एसोसिएसनका अध्यक्ष दीपक थापाले म्यानपावर व्यवसायीबीच आपसी एकता भाइचाराको >>> पृष्ठ २ मा

# रोजगारी वृद्धि गर्नेगरी नीति तथा कार्यक्रम ल्याउन सुझाव

**काठमाडौं/मस-** नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले रोजगारी वृद्धि गर्नेगरी सरकारको नीति तथा कार्यक्रम र नयाँ बजेट ल्याउन सुझाव दिएका छन् ।

बिहीबार ललितपुरमा नेपाल ट्रेड युनियन कांग्रेसले १ सय ३६ औं अन्तर्राष्ट्रिय श्रमीक दिवसको अवसरमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले श्रमीकहरुलाई पूर्ण अधिकार सम्पन्न बनाउँदै स्वदेशमै रोजगारी सिर्जना गरी युवा शक्ति स्वदेशमी रहने र आफ्नै देशमा ज्ञान, सीप, वृद्धिको विकास र लगानी गर्ने वातावरण गराएर समृद्ध नेपालको हाम्रो सपना पूरा हुने विश्वास व्यक्त गरे । उनले नेपालको संविधानले रोजगारी र श्रमीकको हक र उचित पारिश्रमीक एवं योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको उल्लेख गरे । यसअनुसार श्रम ऐन, ट्रेड युनियन ऐन लगायतका कानूनहरु नेपाली कांग्रेसको सरकार (आफू प्रधानमन्त्री) रहेकै बेलामा आएको बताए । सामाजिक सुरक्षाले श्रमीकहरुको आफ्नो सम्मान गर्दै भविष्यको




पनि सुनिश्चितता गर्ने दावी गरे । स्थानीय तहमा श्रम डेस्क राख्ने र सामाजिक सुरक्षाको दायरामा ल्याउन सरकारबाट पहल गर्न आवश्यक रहेको बताए ।

सभापति देउवाले भने, 'नेपालको संविधानले रोजगारी र श्रमीकको हक र उचित पारिश्रमीक एवं योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । यसअनुसार श्रम ऐन, ट्रेड युनियन ऐन लगायतका कानूनहरु नेपाली काँग्रेसको सरकार रहेकै बेलामा आएका हुन् । म प्रधानमन्त्री भएको समयमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन पारित भएको पनि हो । सामाजिक सुरक्षाले श्रमीकहरुको आफ्नो सम्मान गर्दै भविष्यको पनि सुनिश्चितता गर्दछ । स्थानीय तहमा श्रम डेस्क राख्ने र सामाजिक सुरक्षाको दायरामा ल्याउन सरकारबाट पहल गर्न आवश्यक छ । स्वदेशमै रोजगारी सिर्जना गरी युवा शक्ति स्वदेशमी रहने र आफ्नै देशमा ज्ञान, सीप, वृद्धिको विकास र लगानी गर्ने वातावरण गराएर समृद्ध नेपालको हाम्रो सपना पूरा गर्नुछ । त्यसैले पनि श्रमीकहरुलाई पूर्ण अधिकार सम्पन्न बनाएर रोजगारमा वृद्धि गर्नेगरी सरकारको नीति तथा कार्यक्रम र नयाँ बजेट ल्याउनुपर्छ भन्ने मेरो मान्यता रहेको छ ।' सभापति देउवाले लोकतन्त्रमा सबै श्रमीकको अधिकार सुरक्षित हुने बताए । नेपाली कांग्रेस श्रमीक अधिकार दिने पक्षमा सदैव अग्रस्थानमा रहेको जिकिर गरे ।

**वैदेशिक...**

त्यस्तै, रसिया पठाइदिन्छु भनी बारा जीतपुर सिमरा उपमहानगरपालिका- १६ का २७ वर्षीय उमेश भोलोनले ४ जनाबाट ३ लाख ४० हजार ठगी गरेका थिए । उनी लामो समयदेखि सम्पर्कविहीन भएका पीडितहरूको उजुरी छ ।

बुधबार मात्र प्रहरीले ४ जनासँग रकम असुल गरी भागेका २ जनालाई पक्राउ गरेको जनाएको छ । आकर्षक तलबको प्रलोभनमा पारी यूएई र माल्टा पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा चन्द्रागिरी नगरपालिका- ६ बस्ने धादिङ नीलकण्ठ नगरपालिका- ६ घर भएका २९ वर्षीय उमेश गुरुङ र काठमाडौं महानगरपालिका- २ घर भएका ५६ वर्षीय सुजनकुमार उप्रेती पक्राउ परेका हुन् । उल्लेखित व्यक्तिहरू केही प्रतिनिधि पात्र मात्र हुन् ।

यसरी वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै करोडौं रकम ठगी हुने गरेको छ । त्यस्ता ठगीमा नेपाल प्रहरीले दैनिकजसो पक्राउ गरिरहेको छ । यही वैशाख महिनामा मात्र विभिन्न १३ जना व्यक्तिले १ करोड ४३ लाख ८५ हजार रुपैयाँ ठगी गरेको तथ्यांक प्रहरीमा छ । प्रहरीको नजरमा परेका १३ जनाले २२ जनाबाट १ करोड ४३ लाख ८५ हजार ठगी गरेका छन् । विदेशमा आकर्षक तलव सुविधाको प्रलोभनमा दैनिकजसो व्यक्तिहरू ठगिएका घटनाहरू बाहिरिए पनि बेरोजगारीको समस्याका कारण विदेशको चक्करबाट टाढा रहन सकेका छैनन् ।

ठगिएकामध्ये कतिपय पीडित प्रहरी समक्ष पुगेका भए पनि केही पीडितहरू अझै प्रहरीसम्म पुग्न नसकेका पनि छन् । दैनिकजसो ठगीमा पर्नेको संख्या घट्न नसक्नुका मुख्य कारण बेरोजगारीको समस्या र वैदेशिक रोजगारीको प्रलोभन भएका नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले बताए ।

वैशाख महिनामा २२ जना व्यक्तिहरू ठगीमा परेका उनको भनाइ छ । 'प्रहरीले वैशाख महिनामा वैदेशिक रोजगारीको प्रलोभनमा ठगी आरोपमा १३ जनालाई पक्राउ गरेको छ', उनले मध्यान्हसँग भने, 'उनीहरूले २२ जनाबाट १ करोड ४३ लाख ८५ हजार रुपैयाँ ठगी गरेको उजुरी छ ।'

**शिक्षक...**

असन्तुष्ट भएका छन् । आफूसँग सरकारले गरेको सहमतिअनुसार सम्झौता नभएकोप्रति आपत्ति जनाउँदै नेपाल विद्यालय कर्मचारी परिषद्ले आन्दोलनलाई निरन्तरता दिने जनाएको छ ।

बुधबार शिक्षा मन्त्रालय र नेपाल शिक्षक महासंघबीच ९ बुँदे सहमति भएको थियो । उक्त सहमतिलाई परिषद्ले अस्वीकार गरेको परिषद्का अध्यक्ष गंगाराम तिवारीले बताए । '९ बुँदे सहमतिमा विद्यालय कर्मचारीको तलब तोकिएबमोजिम भनेको कति हो ?', उनले भने, 'महासंघ अध्यक्ष तथा शिक्षामन्त्रीलाई प्रश्न गर्दा शिक्षामन्त्री र महासंघका अध्यक्षबाट केही जबाफ नदिई सिधै सहमति गराए ।'

शिक्षक महासंघले विद्यालय शिक्षक-कर्मचारी परिषद्सँग गरेको सहमतिविपरीत सरकारसँग सम्झौता गरेकामा असन्तुष्टि जनाएका हुन् । 'लेखापालको खरदार सरह ३२ हजार ९०२ रुपैयाँ र विद्यालयको कार्यालय सहयोगीको २६ हजार ८२ रुपैयाँ बनाउने भनेर महासंघसँग हाम्रो सहमति थियो तर सरकारसँग सम्झौता हुँदा तोकिएबमोजिम भनेर आयो । तोकिएबमोजिम भनेको कति हो ?', परिषद्का अध्यक्ष तिवारीले भने, 'ऐन बनेर नियमावली बनेर आउने रे ! त्यो पनि कहिले बन्ने हो ? २०८३ मा ऐन आउला, नियमावली आउला । त्यतिबेलासम्म के खाने ? कर्मचारीचाहिँ भोकै मर्ने ?'

नेपाल विद्यालय कर्मचारी परिषद् मात्र होइन, बालविकास शिक्षक, संस्थागत विद्यालय शिक्षक युनियनलगायतले पनि विरोध जनाएका छन् । महासंघले बालविकासको मुद्दालाई पहिलो नम्बरमा राखेर आन्दोलन गरेको तर सहमति गर्दा धोका दिएको बाल विकासका शिक्षकहरूको आरोप छ ।

**पहुँचवाला...**

सिंहदरबारस्थित गृह मन्त्रालय पुगेका थिए ।

बिहीबार नेकपा (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सहित विभिन्न दलका नेताहरूसँग भेटघाट गरेका हुन् ।

प्रचण्डलाई भेट्न चौथाइवाले उनकै निवास खुमलटार पुगेका थिए । चौथाईवालेले बिहीबार नै नेकपा (एकीकृत समाजावदी)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसँग पनि भेट गरे । अध्यक्ष नेपाललाई भेट्न चौथाइवाले नेपाल निवास कोटेश्वर पुगेका थिए ।

चौथाइवालेले नेपाली कांग्रेसका नेताहरू डा. शेखर कोइराला, महामन्त्री गगनकुमार थापा, प्रवक्ता डा. प्रकाशशरण महत, नेता उदयशम्शेर जबरासँग पनि भेटे । चौथाइवालेले माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मासँग पनि भेट गरेका छन् ।

शेखर र गगन थापासँग भाजपाका विदेश विभाग प्रमुखले छुट्टाछुट्टै भेटवार्ता गरेका हुन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार प्रधानमन्त्री ओली र चौथाइवालेबीच भएको भेटमा २ देशबीचको आपसी सम्बन्ध र हितका विविध विषयमा छलफल भएको छ ।

गृहमन्त्री लेखकको सचिवालयका अनुसार गृहमन्त्री लेखकसँगको भेटमा चौथाइवालेले नेपाल-भारत सम्बन्धबारे कुराकानी भएको थियो । त्यस क्रममा चौथाइवालेले २ देशको सम्बन्ध दृढ रहेको र यसलाई कुनै विषयले असर नपर्ने बताएका थिए ।

गृहमन्त्री लेखकको सचिवालयका अनुसार चौथाइवालेले अगाडि भनेका छन्, 'नेपाल-भारतबीचको सम्बन्ध दृढ छ । कुनै पनि विषयले मित्रवत् सम्बन्धमा असर पर्दैन ।'

चौथाइवालेले २ देशबीचको सम्बन्ध थप सुदृढ गर्दै लैजाने विश्वास र प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

चौथाइवालेले नेपालको लोकतन्त्र सुदृढीकरणमा भारतीय जनता पार्टीको पूर्ण सहयोग रहने पनि बताएका छन् ।

चौथाइवाले र नेपालका नेताहरूबीचको भेटमा भारतको जम्मु-कश्मीरमा भएको आक्रमणको विषयमा कुराकानी भएको छ । उक्त घटनाको नेपाली नेताहरूले निन्दा गरेका छन् ।

चौथाइवालेसँग भेटेका कांग्रेस नेता उदयशम्शेर जबरा नेपाल र भारतबीच रहेको सम्बन्धको निरन्तरताकै रूपमा उक्त भेट भएको बताउँछन् । उनी भन्छन्, 'नेपाल र भारतका बीचमा सदिऔंदखि गहिरो सम्बन्ध छ । यही सम्बन्धअन्तर्गत दुवै देशका नेताहरू आउजाउ गरिरहेका हुन्छन् । चौथाइवालेको नेपाल भ्रमण पनि त्यसकै निरन्तरता हो ।'

**जनमत...**

पक्राउ परेको विषयले पार्टी एकीकरणमा प्रभावित भएको छ ।

'एकता त हुन्छ तर बुधबारको घटनाले केही दिन एकीकरण घोषणा सरेको मात्र हो', खानले भने । उनले घटनाका विषयमा दुवै पार्टीले समीक्षा गर्ने र त्यसपछि मात्र सहमतिअनुसार नै एकता प्रक्रियामा अगाडि बढ्ने बताए ।

दुवै पार्टीको छुट्टाछुट्टै औपचारिक बसेर संयुक्त बैठक डाकेर घटनाका बारेमा समीक्षा गर्ने तयारी छ । त्यसपछि मात्र कसरी अगाडि बढ्ने भनी निर्णय हुने नेताहरूले जनाएका छन् ।

'२ पार्टीबीचको एकतालाई भाँड्ने षडचन्त्र भएको छ, त्यसलाई दुवै पार्टीले गम्भीर रूपमा लिइएको छ', उपाध्यक्ष खानले भने, 'षडचन्त्र कहाँबाट भइरहेको छ, त्यसका बारेमा बुझ्ने पनि काम भइरहेको छ ।' एकताका लागि दुवै पार्टीले एकीकृत पार्टीको नाम नागरिक जनमत पार्टी रहने, चुनाव चिह्न ढकिया, कार्यकारी अध्यक्ष डा. सीके राउत, संरक्षक रेशमलाल चौधरी र सहअध्यक्ष रञ्जिता श्रेष्ठ रहने सहमति गरिसकेका छन् । यस्तै, ७०० सदस्यीय केन्द्रीय समितिमा दुवै पार्टीबाट आधा-आधा रहने सहमति पनि भइसकेको छ । पदाधिकारी तथा अन्य समितिहरूमा पनि दुवै पार्टीबाट आधा-आधा रहने सहमति भइसकेको थियो । एकता घोषणा गरेर १९ वैशाखमा निर्वाचन आयोगमा पार्टी दर्ता गराउने उनीहरूको तयारी थियो ।

**थप...**

गरिसकेको छ । बुधबारको घटनाले थप छलफल गरेर अघि बढ्नुपर्ने निष्कर्ष दुवै दलको छ । नेताहरूका अनुसार अब एकता घोषणा ठूलो संख्यामा कार्यकर्ता बोलाएर हुँदैन ।

तत्काल एकता नहुने भएपछि नाउपाले अहिले नेता, कार्यकर्ताहरूलाई घर फर्किन भनिसकेको छ । १७ गते एकता घोषणासभामा सहभागी हुन काठमाडौं गएकाहरू अहिले एकता नहुने देखिएपछि घर फर्किन थालेका हुन् ।

'हामीलाई अहिले एकता हुँदैन, तपाईंहरू घर जानुहोस् भन्ने सूचना आएको छ', एक नेताले भने, 'अब कहिले एकता हुन्छ भन्नेबारे कुनै टुंगो छैन ।'

पार्टी नाम घोषणामा विवाद र जनमत पार्टीले एकीकृत पार्टीको पदाधिकारीको नाम टुंगो नलगाउँदा एकताअघि नै विवाद सुरु भएको थियो । एकीकरण हुनुअघि जनमतले नाम पेस गर्नुपर्ने नाउपाको अडान थियो ।

जनमत अहिले पनि सोही अवस्थामा रहेका कारण तत्काल एकता हुने सम्भावना क्षीण रहेको दुवै दलका शीर्ष नेताहरूले स्वीकार गरेका छन् ।

'एकताकै दिन नाउपाका संरक्षक चौधरीलाई पक्राउ गरिएको विषय सामान्य होइन', जनमत पार्टीका प्रवक्ता शरद्सिंह यादवले भने, 'हामी सबैले फेरि तयारी गरेर केही समयपछि एकता गर्छौं ।' एकतापछि ७०० सदस्यीय केन्द्रीय समिति बनाउने र त्यसमा दुवै पार्टीबाट ५०/५० प्रतिशत केन्द्रीय सदस्य समायोजन गर्ने सहमति भएको थियो । दुवै पार्टीबाट २५/२५ र संरक्षक रेशम चौधरी गरी ५१ सदस्यीय केन्द्रीय कार्यकारिणी कार्यसम्पादन समिति बनाउने सहमति भएको थियो ।

२५ सदस्यीय सचिवालय सदस्य रहने, जसमा जनतमबाट १२ जना, नागरिक उन्मुक्तिबाट १२ जना रहने र संरक्षक चौधरी रहने २ दलबीच छलफलमा सहमति भएको थियो । नागरिक उन्मुक्ति पार्टीले आफ्ना तर्फबाट सबैको नाम टुंगो लगाउँदा जनमत पार्टीले भने नाम टुंगो लगाएको छैन ।

नाउपाले सबै विषय टुंग्याएर मात्र एकता गर्ने जनाएको थियो भने जनमत पार्टीले संरक्षक अध्यक्ष र सहअध्यक्ष घोषणा गर्ने सचिवालय, केन्द्रीय कार्यसम्पादन र केन्द्रीय कार्यसमितिको नाम पछि टुंगो लगाउने जनाएको थियो । तर, पक्राउपछि दुवै दलको संयुक्त बैठक पनि बस्न सकेको छैन, जसले गर्दा एकता नै अनिश्चित बनेको छ ।

**उडिसामा...**

विश्वविद्यालयकै अन्य छात्राहरूसँगै बस्ने गरेकी थिइन् तर घटनाको क्रममा कोठामा कोही थिएनन् ।

उडिसा प्रहरीको टोली घटनास्थलमा पुगेर घटनाको अनुसन्धान सुरु गरेको छ । साहको शव पोस्टमार्टमका लागि अहिले अस्पतालमा राखिएको छ । परिवारका सदस्य उपस्थित भएपछि पोस्टमार्टम गरिने जनाइएको छ ।

यसअघि ४ फागुनमा सोही विश्वविद्यालयमा अध्ययनरत २० वर्षीया नेपाली विद्यार्थी प्रकृति लम्साल पनि होस्टलमा मृत फेला परेकी थिइन् ।

आफूमाथि भएको मानसिक दुर्व्यवहार सहन नसकेर लम्सालले आत्हत्या गरेको खुलेको थियो ।

**श्रम...**

विकास हुने र रोजगारदातालाई योग्य जनशक्तिको उपलब्धता सुनिश्चित हुने भन्दै श्रम, रोजगारीका सबै अवसर आमनागरिकसम्म पुग्नुपर्ने र वैदेशिक रोजगारमा देखापरेका चुनौति नियन्त्रण गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले श्रम संसार पोर्टल संचालन भएसँगै रोजगारीका लागि भनसुन गर्ने र त्यसकै आधारमा रोजगारी पाइने स्थितिको अन्त्य हुने बताए । मन्त्री भण्डारीले सार्वजनिक पोर्टलबाट श्रम बजारमा रहेका रोजगारी, तालिम तथा उद्यमशीलताका सूचना संघीय तथा प्रदेश सरकारको समन्वयमा पालिकामा रहेका रोजगार सेवा केन्द्रमार्फत संचालन हुने जानकारी पनि दिए ।

उनले सीपमूलक तालिमबारे जानकारी लिएर त्यसमा सहजरूपमा आवेदन दिन सकिने र रोजागार आकांक्षीले पनि आफ्नो योग्यता र सीपको विज्ञापन गर्नसक्ने जानकारी दिए ।

यसैबीच श्रममन्त्री भण्डारीले स्वदेश तथा विदेशमा रहेका श्रमिकहरूलाई प्रविधिको दुरुपयोग, अकाल मृत्यु र ऋणको जालोबाट मुक्त गर्न सक्नुपर्ने बताएका छन् । १३६औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै मन्त्री भण्डारीले श्रमिकहरूको अधिकार, सुरक्षाको प्रत्याभूति तथा वैदेशिक रोजगारीमा पारदर्शिता कायम गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गरेका छन् ।

सन्देशमा मन्त्री भण्डारीले डिजिटल ट्र्याकिङ प्रणाली, डेस्क टु डेस्क सेवा, मोबाइल एप्लिकेसनमार्फत सेवा प्रवाह र श्रमिक कल्याण कोषलाई थप प्रभावकारी बनाउने योजना रहेको उल्लेख गर्दै वैदेशिक रोजगारका लागि तयार पारिएको 'स्मार्ट नेपाल र स्मार्ट श्रमिक' कार्यक्रमले दीर्घकालीन सुधार ल्याउने विश्वास व्यक्त गरेका छन् ।

श्रम मन्त्रालयले वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउने उद्देश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको जानकारी दिँदै सन्देशमा मन्त्री भण्डारीले आगामी दिनमा वैदेशिक रोजगारका नयाँ गन्तव्य थप गर्दै प्रवासी श्रमिकहरूको समस्या समाधान गर्ने रणनीति अघि बढाइएको उल्लेख गरेका छन् ।

सन्देशमा मन्त्री भण्डारीले श्रमिकको अधिकार, सामाजिक न्याय र समावेशी समृद्धिका लागि सबैलाई एकजुट भएर अघि बढ्न आह्वान गरेका छन् ।

**एसोसिएसनको ...**

सम्बन्ध र भावना बलियो बनाउने उद्देश्यले वनभोज कार्यक्रम राखिएको जानकारी दिए । वनभोज कार्यक्रमका संयोजक एसोसिएसनका द्वितीय उपाध्यक्ष रामप्रसाद गैरेले कला संस्कृतिको संरक्षणसहित व्यवसायीलाई तनाव मुक्त भइ रचनात्मक एवं सिर्जनात्मक कार्यमा अग्रसर हुन वनभोज कार्यक्रमले प्रेरणा मिल्ने भन्दै निमन्त्रणा स्वीकार गरी सहभागी भएकोमा सबैप्रति आभार प्रकट गरे ।

कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङसहित कार्यसमिति पदाधिकारी तथा कार्यसमिति सदस्यहरु, वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष प्रतिमा महर्जन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल तथा कार्यसमिति पदाधिकारी र सदस्यहरू, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी, वैदेशिक रोजगार व्यवसायी ललितपुर समाजका अध्यक्ष वरिष्ठ व्यवसायी नवराज केसी, संघका पूर्वअध्यक्ष एवं एसोसिएशनका संस्थापक अध्यक्ष तिलक रानाभाट, संघ तथा एसोसिएसनका पूर्वअध्यक्षहरू, सल्लाहकार तथा सदस्यहरूको सहभागिता रहेको थियो ।

सो अवसरमा आयोजित संक्षिप्त कार्यक्रममा मलेसिया सिन्डिकेटका सन्दर्भमा पनि चर्चा चलेको थियो । केही व्यवसायी ठूला व्यवसायी सिन्डिकेट खडा गर्ने प्रपञ्चमा लागेको भन्दै संघ र एसोसिएसनले खबरदारी गर्नुपर्ने आवाज उठाएका थिए ।

कार्यक्रममा ललितपुर व्यवसायी समाजका अध्यक्ष नवराज केसीले आफू पनि ठूलो व्यवसायीको गन्तीमा पर्ने भएपनि सिन्डिकेटको पक्षमा कहिल्यै नरहेको भन्दै सबै व्यवसायीले स्वतन्त्र रूपमा काम गर्न पाउने पक्षमा सधैं उभिने बताए । व्यवसायी केसीले जबरजस्ती सिन्डिकेट लगाउने प्रयास भएमा व्यवसाय छोडेर भएपनि आम व्यवसायीका साथमा खडा हुने धारणा राखे । कार्यक्रम एसोसिएसनका कार्यवाहक महासचिव तुलसी पुरीले संचालन गरेका थिए ।

# अधिकार पुनः प्राप्ति नभए संघर्ष चर्किन्छ : प्रचण्ड

**काठमाडौं/मस-** नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मजदूरको १० प्रतिशत सेवाशुल्क अदालतले खारेज गरेकोप्रति रोष प्रकट गरेका छन् । बिहीबार काठमाडौंमा अखिल नेपाल ट्रेड यूनियन महासंघले आयोजना गरेको १३६ औं अन्तर्राष्ट्रिय मजदूर दिवसको अवसरमा सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले मजदूरहरुको अधिकार पुनःप्राप्ति नभए संघर्ष चर्काउने चेतावनी समेत दिए ।

पूर्वप्रधानमन्त्री समेत रहेका प्रचण्डले जनयुद्धले श्रमिक तथा गरिखाने वर्गको हक-अधिकार स्थपित गरेको भए पनि पछिल्लो समयमा उल्ट्याउन थालिएको बताउँदै भने,'मजदूरहरुले १७ वर्षदेखि खाइपाई आएको १० प्रतिशत सेवाशुल्क अदालतले उल्ट्याउनु पर्ने के बाध्यता आइलाग्यो ? यो गम्भीर विषय बनेको छ ।'

आफूहरुले ल्याएको व्यवस्थालाई यो या त्यो बहानामा प्रहार भइरहेको भन्दै त्यसो गरिए प्रतिरोध आन्दोलन गर्ने चेतावनी प्रचण्डले दिए । संविधान संशोधान गरेर प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गर्नुपर्नेमा आफूहरुको जोड रहेको समेत बताए ।

माओवादी युवा नेता तथा अखिल नेपाल ट्रेड यूनियन महासंघका फ्याक्सन इन्चार्ज रामदिप आचार्यले मजदूर दिवसको शुभकामना दिँदै देशमा अहिले मजदूर अधिकार कुण्ठित गर्ने षड्यन्त्र भएकोप्रति चिन्ता व्यक्त गरे । मजदूहरुको पक्षमा सबैभन्दा बढी आफ्नो पार्टी प्रतबद्ध रहेको र खोसिएका अधिकार फिर्ता ल्याउन सबै मजदूर आन्दोलनमा जान अपिल गरे ।




संगठनका अध्यक्ष जगत सिम्खडाले अदालतदेखि सत्तामा रहने शासकहरुले मजदूरहरुका अधिकार कुण्ठित गर्न लागिपरेकोले सबै श्रमीक एकजुट भएर संघर्ष गर्ने बताए । अन्तर्राष्ट्रिय श्रम संगठन(आइएलओ)का देशीय निर्देशक नुमान ओक्यानले शुभकामना दिँदै नेपाली श्रमीकहरुको अधिकारका लागि आवश्यक परे अन्तर्राष्ट्रिय क्षेत्रबाट पनि दबाब दिने समेत बताए ।

संगठनका वरिष्ठ उपाध्यक्ष धनबहादुर विकले स्वागत मन्तब्य राख्दै एकपटक मजदूरहरुले संघर्ष चर्काएर अधिकार लिनुपर्ने धारणा राखे । संगठनका महासचिव सालिकराम काफ्लेले सञ्चालन गरेको कार्यक्रममा विभिन्न सांगितिक तथा नृत्य प्रदर्शन गरिएको थियो । दरबारमार्गबाट सुरू गरिएको र्‍याली कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको हलमा जम्मा भएका थिए । हजारौंको संख्यामा उपस्थित मजदूरहरुको सेवा शुल्क पुनःप्राप्ति हुनुपर्ने, नियमित काममा स्थायी श्रमीक नियुक्ति गरिनुपर्ने, श्रमीकहरुको तलब नेपाल सरकारको श्रेणीविहीन कर्मचारी सो सरह हुनुपर्नेलगायतका नारा गुञ्जाएका थिए ।

# मुक्तिनाथमा लेक लागेका तीर्थालुलाई निःशुल्क उपचार



**मुस्ताङ/मस-** हिन्दु तथा बौद्धमार्गीहरुको साझा धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरमा लेक लागेका बिरामीलाई निःशुल्क स्वास्थ्योपचारको व्यवस्था गरिएको छ । यहाँस्थित प्रदेश अस्पताल जोमसोम र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको सहयोगमा मुक्तिनाथ मन्दिरमा लागेर बिरामी परेका धार्मिक पर्यटकलाई निःशुल्क स्वास्थ्योपचार सेवाको व्यवस्था गरिएको हो ।

समूद्री सतहको करिब तीन हजार ८०० मिटरको अग्लो उचाइमा अवस्थित मुस्ताङको मुक्तिनाथमा दर्शन गर्न पुग्ने कतिपय धार्मिक तीर्थालु पर्यटकलाई लेक लाग्ने समस्या हुन्छ । मुक्तिनाथमा लेक लागेर बिरामी हुने धार्मिक तीर्थालुलाई छिटोछरितो आपत्कालिन प्रारम्भिक उपचारको व्यवस्थापन गर्न प्रदेश अस्पताल जोमसोम र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको सहकार्यमा मुक्तिनाथ मन्दिर परिसरमा 'हाइअल्टिच्युड ट्रिटमेन्ट सेन्टर' स्थापना गरिएको गाउँपालिकाका स्वास्थ्य संयोजक खगेन्द्र बोहोराले जानकारी दिए । प्रदेश अस्पतालले जनशक्ति व्यवस्थापन र अक्सिजनको व्यवस्था गरेको तथा गाउँपालिकाले व्यवथापन एवं औषधि लगायतमा सहयोग गर्दै आइरहेको स्वास्थ्य संयोजक बोहोराले बताए ।

मुक्तिनाथ स्थित 'हाइअल्टिच्युड ट्रिटमेन्ट सेन्टर'मा प्रदेश अस्पताल जोमसोमले दुई हेल्थ असिस्टेन्ट करारमा खटाएको छ । अस्पतालले ट्रिटमेन्ट सेन्टरका लागि आवश्यकताअनुसार अक्सिजनको व्यवस्था गरेको छ ।

लेक लाग्ने बिरामीको उपचार सेवाका लागि हेल्थ असिस्टेन्ट सरोज घर्तीमगर र विकास ठाकुर २४ सैं घण्टा बिरामीको सेवामा खटिनुभएको छ ।

# आदिवासी जनजाति महासंघको दोस्रो महाधिवेशनको तयारी पूरा

**काठमाडौं/मस-** नेकपा एकीकृत समाजवादी निकट नेपाल आदिवासी जनजाति महासंघ (समाजवादी) को दोस्रो राष्ट्रिय महाधिवेशन यही वैशाख २० र २१ गते काठमाडौंमा हुने भएको छ । बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै महासंघले आफ्नो दोस्रो राष्ट्रिय महाधिवेशनको तयारी समेत पूरा भइसकेको जनाएको छ ।

महाधिवेशनमा देशभरमा ३५ जातीय घटक संघ, ७ प्रदेश महासंघ र ७० जिल्ला महासंघबाट करिब ६ सय बढी प्रतिनिधि तथा पर्यवेक्षकको सहभागिता रहने नेपाल आदिवासी जनजाति महासंघ (समाजवादी) का अध्यक्ष वीर बहादुर बुढाथोकी मगरले जानकारी दिए ।




नेकपा एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल, पूर्व प्रधानमन्त्री पार्टीका सम्मानित नेता झलनाथ खनाल लगायत नेताहरुले सम्बोधन गर्ने अधिवेशनको दोस्रो दिन नयाँ कार्यसमिति चयन गर्ने महासंघका महासचिव चन्द्र तामाङले बताए ।

महाधिवेशनमार्फत विभिन्न प्रस्तावका साथै राजनीतिक तथा सांगठनीतक प्रतिवेदन पारित हुने मगरले बताए । उनले विभिन्न समुदायको अधिकार स्थापित गरिएको संविधानको रक्षा गर्दै कार्यान्वयन गर्ने वातावरण बनाउन माग गरे । मुलुकको व्यवस्थाविरुद्ध देखिएको अराजक प्रवृत्तिलाई निरुत्साहित गर्न राज्य गम्भीर हुनुपर्ने उनको भनाइ छ । त्यस्तै अध्यक्ष मगरले संघीय संरचना बमोजिम ऐन, कानून निर्माण गर्ने कार्यमा ढिलाइ नगर्न समेत आग्रह गरे । महासंघका महासचिव चन्द्र तामाङले संचालन गरेको कार्यक्रममा महासंघका नेता कार्यकर्ताहरुको सहभागीता रहेको थियो ।

# राजावादीहरूको अराजक व्यवहारविरुद्ध खबरदारी गरौं : प्रधानमन्त्री



**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले जनताको आन्दोलनबाट फालिएको निरंकुश राजतन्त्रलाई पुनर्स्थापना गर्ने सपना देख्ने राजावादी शक्तिहरूको अराजक र असहिष्णु व्यवहारविरुद्ध खबरदारी गर्न आह्वान गरेका छन् ।

१३६औं अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा बिहीबार राजधानीमा नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) ले आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री देउवाले सत्तामा पुगे राजावादीहरूले दानवीयता प्रदर्शन गर्ने भन्दै यस्ता शक्तिहरूलाई जवाफ दिन सबैलाई एकजुट हुनुपर्ने बताए ।

'फालिएको राजतन्त्रका पक्षधरहरूको अराजकता १५ चैतमा तीनकुनेको हिंसात्मक र दानवीय घटनामा स्पष्ट देखियो । सत्तामा नहुँदा यति उग्र छन् भने सत्तामा पुगे यी दानवहरूले के गर्लान् ? शान्ति कायम गर्न उभिएका प्रहरीमाथि गाडीले किच्ने प्रयास गर्छन् । यस्ता शक्तिहरूले हाम्रो सभ्यता र संस्कृतिमा चुनौती दिएका छन्,' नेकपा (एमाले) का अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले भने । उनले राजावादीहरूले आफूलाई मन नपर्ने कलाकारको गीत वा फिल्म बहिष्कार गर्ने असहिष्णु प्रवृत्तिको पनि आलोचना गरे ।

प्रधानमन्त्री ओलीले विगतमा राजाहरूले गरेका अपराधमा अहिलेसम्म छानबिन नगरेर सरकारले उल्टै उपकार गरेको बताउँदै राजावादीहरूको चुनौती स्वीकार गर्ने र लोकतन्त्रको रक्षा गर्न कटिबद्ध रहेको बताए ।

ओलीले लोकतन्त्रको रक्षा गर्नु आजको प्रमुख दायित्व भएको उल्लेख गर्दै राजावादी शक्तिहरूलाई जवाफ दिन तयार रहेको बताए । 'हामी उनीहरूको चुनौती स्वीकार गर्छौं र जवाफ दिन्छौं । लोकतन्त्रलाई कसैले कमजोर बनाउन सक्दैन,' उनले भने ।

उनले मुलुकमा राजनीतिक परिवर्तन र सचेतनाका लागि योगदान दिएको मजदुर वर्गलाई एकताबद्ध भएर सही र महान् उद्देश्य प्राप्तिका लागि गतिशील हुन आग्रह गरे । 'श्रमजीवी वर्गले विगतमा जस्तै सचेत भएर राजतन्त्रवादी अराजकताविरुद्ध उभिनुपर्छ,' ओलीले भने । प्रधानमन्त्री ओलीले मजदुरहरूको बलिदान र रगतले रङ्गिएको रातो झण्डालाई कहिल्यै नछोड्ने उल्लेख गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्न लोकतान्त्रिक प्रणालीको रक्षा गर्ने प्रतिबद्धता व्यक्त गरे ।

'हाम्रो झण्डा ख्यालख्यालमा रातो भएको होइन । शान्तिपूर्ण र न्यायपूर्ण समाजका लागि लड्दा मजदुरहरूले गोली खाएर ढल्दा सेतो झण्डामा रगत लतपतिएकाले रातो भएको हो । बलिदानबाट निस्किएका झण्डाहरू राता हुन्छन् । हाम्रो देशको झण्डामा पनि रातो रंग छ । हामी यो संघर्षको गाथा झल्काउने झण्डा कहिल्यै छोड्दैनौं,'ओलीले भने ।

# लेखापढी क्षेत्रलाई प्रभावकारी बनाउनु चुनौतीपूर्णः सभामुख घिमिरे



**काठमाडौं/मस-** सभामुख देवराज घिमिरेले लेखापढी क्षेत्रलाई प्रभावकारी बनाउन चूनौतीहरू देखिएको बताएका छन् ।

बिहीबार ललितपुरमा नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको नवौं राष्ट्रिय महाधिवेशनलाई उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् । सभामुख घिमिरेले मुलुकमा धेरै खालका समस्याहरू देखिएको र समस्या समाधानका लागि चूनौतीहरू पनि थपिएको बताए ।

उनले चूनौतीहरूभित्र पछिल्लो समय विकास भइरहेको इलेक्ट्रोनिक डिभाइसबाट गर्ने कामहरू लेखापढीसँग पनि सम्बन्धित रहेको उल्लेख गरे । उनले अझै पनि मुलुकमा ठूलो संख्या सामान्य लेखपढ गर्न पनि नसक्ने अवस्था रहेको जिकिर गरे । उनले विश्व एआईको अवस्थामा पुग्दा लेखापढीलाई पनि त्यस ढंगबाट लैजानको लागि कानूनी प्रवन्ध, व्यवहारिक उतार्ने र जनताका कामहरूलाई गाँसेर कार्यसम्पादनलाई प्रभावकारी बनाउने विषय मुख्य चुनौततिको रूपमा रहेको धारणा राखे । उनले भने, 'हाम्रो देशमा धेरै खालका समस्याहरू छन् । समस्या समाधान गर्ने सन्दर्भमा केही चुनौतिहरू छन् । ती चूनौतिहरूभित्र पक्कै पनि अहिले विकास भइरहेको इलेक्ट्रोनिक डिभाइसबाट गर्ने कामहरू हाम्रो लेखापढीसँग पनि सम्बन्धित छन् । अझै पनि ठूलो संख्या सामान्य लेखपढ गर्न पनि सक्दैन । अहिलेका इलेक्ट्रोनिक डिभाइसका प्रयोगहरू अहिलेको एआईको अवस्थामा पुग्दाखेरी हामीले अब लेखापढीलाई पनि त्यस ढङ्गबाट लैजानको लागि कानुनी प्रबन्ध कसरी गर्ने, त्यसलाई व्यवहारिक रूपबाट कसरी लैजाने, त्यो सँग जनताका कामहरूलाई गाँसेर हाम्रो कामलाई प्रभावकारी कसरी बनाउने यो कुरा एउटा चूनौतिको रूपमा रहेको छ ।' सभामुख घिमिरेले लेखापढीको ऐतिहासिकता आजको दिनले कायम गर्नुपर्नेमा जोड दिँदै विभिन्न चूनौतिहरूलाई सामना गर्न अधिवेशनले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

# अन्तर्राष्ट्रिय मानसिक स्वास्थ्य सम्मेलन सुरु




**चितवन/मस-** भरतपुर महानगरपालिकामा दोस्रो अन्तर ाष्ट्रिय मानसिक सम्मेलन सुरू भएको छ । भरतपुर महानगर प्रमुख रेनु दाहालले सो सम्मेलनको उद्घाटन गर्दै भरतपुरमा मानसिक अस्पताल निर्माण गर्ने साझा संकल्पका साथ सबै जुट्न आग्रह गरिन् । उनले अरु विशेषज्ञ सेवा लिने थलोका रूपमा विकास भएको भरतपुरमा मानसिक रोगको उपचारमा कमी भएको महसुस गरेको बताइन् । उनले भनिन्, 'मेडिकल सिटीमा अर्को एउटा आयाम थप्न हामी इच्छुक र तत्पर छौं ।'

सम्मेलनको निष्कर्षलाई नीति निर्माणको तहमा पुर्‍याउन र कार्यान्वयन गर्न सबैले योगदान दिन जरुरी रहेको उनको भनाइ छ । चितवन मेडिकल कलेज -सिएमसी) शिक्षण अस्पतालमा सुरू भएको सम्मेलनमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा.विकास देवकोटाले सीमित स्रोत र साधनको भरमा मानसिक स्वास्थ्य क्षेत्रमा काम गर्नुपर्ने बाध्यता रहेको बताए । मानसिक स्वास्थ्य उपचारको समुदायस्तरमा अझै पहुँच पुग्न नसकेको उनको भनाइ छ । उनले भने, 'यो सम्मेलनले समाजको तल्लो तहसम्म सन्देश प्रवाह गर्ने छ, र केही हदसम्म भएपनि मानसिक समस्या न्यूनीकरण गर्न भूमिका निर्वाह गर्नेछ ।'

दाङ्गी घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरीले देशको विकास सूचक त्यहाँका जनताको स्वास्थ्य भएको उल्लेख गर्दै स्वस्थ नागरिकबाट मात्रै समृद्ध देश बनाउन सकिने बताए । कार्यक्रमका अध्यक्ष एवं चितवन मेडिकल कलेजका अध्यक्ष तथा प्रबन्ध निर्देशक प्रा.डा. हरिश्चन्द्र न्यौपानेले समाजका लागि केही गर्न सकियोस् भनेर कार्यक्रम आयोजना गरिएको बताए ।

उनले भने, 'आफूले जानेको सीप र ज्ञान समाजमा दिनका लागि कार्यक्रम फलदायी हुने छ ।' कार्यक्रम संयोजक श्रीधर पौडेलले विकसित देशमा पनि मानसिक रोग विकराल रूपमा रहेकाले विकसित देशमा मानसिक रोग लुकाउने प्रचलन हट्दै गएको बताए । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडाको उपकुलपति डा. प्रदिप ज्ञवाली, भरतपुर अस्पताल विकास समितिका अध्यक्ष राजु पौडेल, चितवन मेडिकल कलेजका मनोरोग विशेषज्ञ डा.शैलेन्द्र अधिकारी, डा.सिम्रन चौधरीलगायतले आफ्ना धारणा राखेका थिएन ।

सम्मेलनमा अमेरिका, नर्वे, भारत, नेपाललगायतका देशका सहभागी छन् । सम्मेलनमा ६० भन्दा बढी कार्यपत्र प्रस्तुती र १०० भन्दाबढी वक्ताले मानसिक स्वास्थ्यका बारेमा चर्चा गर्ने जनाइएको छ । 'समुदायका लागि सामुदायसँग मानसिक स्वास्थ्यमा सहकार्य' भन्ने नाराका साथ सुरु भएको सम्मेलन तीन दिनसम्म चल्ने छ । सम्मेलनमा मनोरोग विशेषज्ञ, मनोविद्, मनोसामाजिक कार्यकर्ता, स्वास्थ्य क्षेत्रका विज्ञ, स्वास्थ्य मन्त्रालयका प्रतिनिधि, सामाजिक संघसंस्था र स्वास्थ्य शिक्षाका विद्यार्थीसमेत सहभागी छन् ।

चितवन मेडिकल कलेज, नेपाल इन्ष्टिच्युट अफ मेन्टल हेल्थ, हेल्थ फाउण्डेसन नेपाल, युएस, स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायतका स्वदेशी र केही विदेशी संस्थासमेतको सहकार्यमा सम्मेलन सुरु भएको हो ।

# पर्सामा रातको १० बजेपछि 'डीजे' बजाउन प्रतिबन्ध



**पर्सा/मस-** जिल्ला प्रशासन कार्यालय पर्साले नागरिकको स्वास्थ्य र दैनिकीसमेत प्रभावित हुनेगरी विवाह, व्रतबन्ध तथा धार्मिक/सांस्कृतिक कार्यक्रममा प्रयोग हुने डिजेलगायत उपकरण प्रयोगलाई निरुत्साहित गर्नका लागि अनुरोध गरेको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) गणेश अर्यालको अध्यक्षतामा बुधबार बसेको बैठकले ध्वनि प्रदूषणका गतिविधि निरुत्साहित गर्नका लागि आह्वान गरेको हो । 'सांस्कृतिक कार्यक्रमहरूमा गरिने आतसबाजी र पटाकाको प्रयोगलाई पूर्ण रूपले प्रतिबन्ध लगाउने निर्णय भएको छ', उनले भने, 'यो निर्णयविरुद्ध कार्य गर्ने/गराउनेलाई कानुनको दायरामा ल्याइनेछ । सीमावर्ती क्षेत्रबाट हुने पटाका, डिजेलगायतका उपकरणको प्रवेशलाई कडाइका साथ नियमन गरिनेछ ।'

बैठकले होटल, क्याटरिङ र पार्टी प्यालेसमा प्रयोग गरिने डिजेलगायतका उपकरणको प्रयोगलाई रातको १० बजेपश्चात् पूर्ण रूपमा प्रतिबन्ध लगाउने निर्णय पनि गरेको छ । प्रशासनले विवाह, व्रतबन्ध तथा धार्मिक/सांस्कृतिक कार्यक्रमको बुकिङ गर्दा सम्बन्धित होटल/पार्टी प्यालेसले आयोजकसँग डिजे, पटाकाको प्रयोगलाई पूर्ण बन्देज लगाइएको विषय खुलाई सो बेहोराको सहमतिपत्रमा हस्ताक्षर गराएर मात्र बुकिङ गर्ने निर्णय गरेको प्रजिअ अर्यालले जानकारी दिए । साथै, यस क्षेत्रका व्यवसायीहरूले नेपाल सरकारलाई बुझाउनुपर्ने राजस्व र बक्यौता रकम नियमित रूपमा बुझाउने र सोको सूक्ष्म अनुगमन गरी कारबाहीको दायरामा ल्याउने पनि निर्णय भएको छ । जिल्ला प्रहरी प्रमुख गौतम मिश्रले ऐन कानुनविपरीत पटाका तथा आतसबाजी गर्नेलाई विस्फोटक पदार्थ ऐनबमोजिम कारबाहीको दायरामा ल्याइने जानकारी दिए ।

# 'पूर्वराजालाई फर्काउन असम्भव'




**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १८ वैशाख

नेकपा एमालेका केन्द्रीय सचिव गोकर्ण विष्टले पूर्वराजालाई फर्काउन असम्भव रहेको बताएका छन् ।

एमाले गौरको नवौं नगर अधिवेशनलाई बिहीबार उद्घाटन गर्दै उनले नेपाली जनताको शान्तिपूर्ण आन्दोलनबाट समाप्त पारेको राजसंस्थालाई चिहानबाट फर्काउन सम्भव नरहेको बताए ।

लोकतान्त्रिक अभ्यास सबैभन्दा राम्रो व्यवस्था रहेकोले निरकुंश शासन जनताले अब स्वीकार नगर्ने उनको भनाइ छ । उनले चैत्र १५ गतेका दिन राजा फर्काउने नाममा हिंसात्मक गतिविधि गरेर जनता झन् टाढिएको पनि बताए ।

बहुदलअगाडि जनताले भोगेका पीडा, अशान्ति, अधुरो विकास रहेको केन्द्रीय सचिव विष्टले स्मरण गराएका थिए । लाखौं युवाहरूलाई स्वदेशमा फर्काउन, शान्ति सुरक्षाको अनुभूति गराउन र जनताको जीवनलाई माथि उकास्न नेकपा एमाले पार्टी लागि परेको बताए ।

कार्यक्रममा एमाले जिल्ला इन्चार्ज अजय कुमार गुप्ताले

गौरका मेयरले कर छुटको नाराबाट जितेकोमा आज माटोमा प्रति टेलर ७५ रूपैयाँ कर लिने गरेको बताए ।

उक्त कार्यक्रममा केन्द्रीय सदस्य उद्बव रेग्मी, रेखा झा, कुन्दन कुशवाहा, लेखा उपाध्यक्ष राजकिशोर यादव, प्रदेशसभा सदस्य जयचन पटेल, मो.जैद राजा, जिल्ला अध्यक्ष सचिदानन्द साह, जिल्ला कमिटी, नगर कमिटी, वडा कमिटी लगायतका सहभागीता रहेको थियो ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०७/२९ मा दर्ता भएको **प्रा.लि. नं. २७६९०७** को **अर्गानिक मल्टिपपौज प्रा.लि.** को मिति २०८२/०१/१२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**आवश्यकता**

**एक ट्रेनिङ सेन्टरको लागि गल्फ (GCC) रिटर्न निम्न कर्मचारीको आवश्यकता भएकोले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।**

- **ईलेक्ट्रिक फोरमेन - १ जना**
- **स्काफोल्डर फोरमेन - १ जना**

**उमेर ४५ बर्ष भन्दा माथि ।**
**तलब आपसी सहमतिमा ।**
**सम्पर्कः ९८०२००१७८६**

**Damak Municipality**
**Office of Municipal Executive**
**Damak, Jhapa**
**Koshi Province, Nepal**

**Invitation for Online Bids**

**Date of publication: 2025-05-02 A.D. (2082-01-19 B.S.)**

1) Damak Municipality, Damak, Jhapa invites online bids under e-procurement system from eligible bidders for the following works:

| S. N. | Name of Project | Contract ID No. | Bid Security Amount | Cost of Bid Document | Bid Validity Period | Estimated Amount (With VAT) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Upgradation Work on Ward 4 (from Bhesh Kumar's Residence to Nirmala Tamang's Residence) | DMO/JHAPA/ROAD/63/081-82 | 129000 | 3000 | 120 DAYS | 5140893.73 | 2025-06-02 12:00 | 2025-06-02 13:00 |
| 2 | Construction of Plum Wall and Culvert on Various Places in Damak 3 | DMO/JHAPA/ROAD/64/081-82 | 211000 | 3000 | 120 DAYS | 8436880 | 2025-06-02 12:00 | 2025-06-02 13:00 |
| 3 | Construction of Parking Shed and Culvert on Damak 4 and 5 | DMO/JHAPA/INFRA/65/081-82 | 52000 | 3000 | 120 DAYS | 2056698.52 | 2025-06-02 12:00 | 2025-06-02 13:00 |
| 4 | Construction work of Drain and Locking Tiles on Various Places, Damak 7 | MO/JHAPA/ROAD/D66/081-82 | 235000 | 3000 | 120 DAYS | 9392441.91 | 2025-06-02 12:00 | 2025-06-02 13:00 |
| 5 | Upgradation of Hariyali Marga on Sunaulo Tole, Damak 4 | DMO/JHAPA/ROAD/67/081-82 | 53000 | 3000 | 120 DAYS | 2098104.97 | 2025-06-02 12:00 | 2025-06-02 13:00 |
| 6 | Construction of Ward Office Building and Infrastructures on Damak 8 | DMO/JHAPA/ROAD/68/081-82 | 134000 | 3000 | 120 DAYS | 5352001 | 2025-06-02 12:00 | 2025-06-02 13:00 |

2) Eligible Bidders may obtain further information and inspect the bidding documents at Damak Municipality, Damak, Jhapa, Phone No. 023-597000 or may visit PPMO **website www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**
**Damak Municipality**

**Jayaprithvi Municipality**
**Office of the Municipal Executive**
**Chainpur, Bajhang**

**Invitation for Electronic Bids**

**Date of publication: 2082/01/19(May 2, 2025)**

Method of Procurement: Sealed Quotation, Eligibility Procedure

1. ***Jayaprithvi Municipality, Bajhang*** invites Electronic bids for following different Works from Nepalese eligible bidders for following works under Sealed Quotation procedures. The estimated amount for the works is given below.
The Summary of Contracts are given below.

| S. N. | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Excluding VAT,including PS] | Bid Security amount | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | JPM-SQ-17-2081/082 | Supply, Installation and commissioning of Solar street light, Ja. Na. Pa., Bajhang | 10,24,008.04 | 26,000.00 | 75 day | 1,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the ***Jayaprithvi Municipality, Office of the Municipal Executive, Chainpur, Bajhang, Email Address: jpmunicipality2014@gmail.com, Contact No: 092421064, 092421508, 9868861828, 9858490254*** or may visit PPMO **website www.bolpatra.gov.np.**

| Cash Deposite for Purchase of Bid Document | | Cash Deposite for Bid Security | |
|---|---|---|---|
| Bank | Rastriya Banijya Bank, Bajhang | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Number(Antarik rajswo Khata) | 4110100301010004 | Account Number (Dharauti Khata) | 4110100303000004 |
| Office Code | 801077001 | Office Code | 801077001 |
| Revenue Head | 14529 | Revenue Head | |

3. Purchase, Submission and Opening

| Last date of Bid Purchase | | Last Date of Submission | | Bid Opening | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| 2082/02/04 (May 18, 2025) | 12:00 Noon | 2082/02/04 (May 18, 2025) | 12:00 Noon | 2082/02/04 (May 18, 2025) | 14:00 |

**Chief Administrative Officer**

## सम्पादकीय

# औपचारिकतामा सीमित

सार्वजनिक बिदासहित नेपालमा पनि १२१औं अन्तर र्‍ाष्ट्रिय श्रमिक दिवस बिहीबार मनाइएको छ। राजनीतिक परिवर्तनको उत्सवकै रूपमा मनाइँदै आएको अन्तर्राष्ट्रिय श्रमिक दिवसमा यस पटक पनि सडक प्रदर्शन, अन्तरक्रिया र सार्वजनिक बहस भए। श्रमिकहरूको हक अधिकारकै बारेमा सरोकारवालाहरूले चिन्ता जनाएका छन्। यो दिवसको औचित्य नै श्रमिकहरूको हक अधिकारलाई सघन बनाउनु हो। सन् १८८६ को मे महिनामा अमेरिकी श्रमिकहरूले दैनिक ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जनको माग राखेर प्रदर्शन गरेका थिए। प्रदर्शनका क्रममा गोली चल्यो, सयौं प्रदर्शनकारीको ज्यान गयो। यद्यपि, दैनिक १६ घण्टासम्म मजदुरहरूले काम गर्दै आएकामा यो प्रदर्शनपछि ८ घण्टाको कार्य समय निर्धारण भयो। संसारभर अहिले ८ घण्टाकै कार्य समय निर्धारित छ। त्यसैले, अन्तर्राष्ट्रिय श्रमिक दिवस संसारभर मनाइँदै आएको छ।

कतिपयले श्रमिक दिवसलाई समाजवादी अभियन्ताहरूको अभियानसँग जोडेर प्रचार गर्छन्। उनीहरूको मतअनुसार समाजवादी कार्यदिशा बोक्नेहरूले श्रमिक दिवस र उनीहरूको दैनिक कार्य अवधिबारे वकालत गर्दै आएका छन्। यदि समाजवादीहरूकै एजेन्डा मान्ने हो भने पनि नेपालमा यो दिवस अर्थपूर्ण छ किनकि नेपालको संविधानको प्रस्तावनाले नै समाजवाद उन्मुख समाजको कल्पना गरेको छ। सैद्धान्तिक कुरा छाडेर तथ्यहरूमै आधारित हुँदा पनि श्रमिकको आवाज देशको सबभन्दा बलियो र शक्तिशाली आवाज हुनुपर्छ किनकि देश चल्ने मूल इञ्जिन नै श्रमिक बनिसकेका छन्। सरकारी तथ्यांकहरूका अनुसार कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा सेवा यस क्षेत्रको योगदान ६२ दशमलव ४३ प्रतिशत छ। जीडीपीको दोस्रोमा कृषि २४ दशमलव १२ प्रतिशत र तेस्रोमा उद्योग १३ दशमलव ४५ प्रतिशत छ। केही वर्षअघिसम्म कृषि क्षेत्रको योगदान सबैभन्दा बढी थियो।

मुलुकको ठूलो जनसंख्या कृषि क्षेत्रमै थियो तर परम्परागत कृषि प्रणाली भत्किएर आमनागरिक सेवा र मजदुरी क्षेत्रतिर तीव्र रूपले तानिएका छन्। वैदेशिक रोजगारी अर्थतन्त्रको मूल क्षेत्र बनिरहेको छ। देशभित्र पनि बढ्दो उद्योग व्यवसाय, भौतिक पूर्वाधार निर्माण जस्ता क्षेत्रमा मजदुरी गर्नेको संख्या बढिरहेको छ। शहरीकरणले कृषकलाई मजदुरमा रूपान्तरित गरिरहेको छ। त्यसैले, श्रमिक दिवसलाई विशेष रूपले सम्झन जरुरी छ। श्रमिकहरूको कल्याणलाई जोड दिएर नीतिगत व्यवस्था मिलाउन आवश्यक छ। तर, अहिलेसम्म यो दिवसलाई औपचारिकताका निम्ति मात्र मनाउने गरिएको देखिन्छ।

# असल राजनीतिका लागि शिक्षा

*अब राजनीतिको नाममा आतंक फैलाएर शिक्षामा ह्रास आउने वातावरण अन्त्य गरिनुपर्छ। परम्परागत प्रवृत्तिबाट माथि उठेर समस्याको निकास खोज्न जरुरी देखिन्छ...*

अग्रलेख



● अप्सरा गौतम

समाजमा बेला-बखत बहस उठ्ने गर्छ, शिक्षा र राजनीतिलाई कसरी अलग गर्ने ? हुन पनि शिक्षा र राजनीतिलाई एउटै विषयमा उल्लेख गर्नु हुँदैन। शिक्षा र राजनीतिक एक रथका २ पांग्रा होइनन्। यी २ बीच निकै भिन्नता छ। झट्ट हेर्दा, विद्यालयदेखि उच्च शिक्षासम्म राजनीति व्याप्त छ। अब भाष्य नै सुधार्नुपर्ने देखिएको छ।

शिक्षाले मानिसको अन्तरज्ञान उजागर गर्ने र मानिसलाई प्रशस्त उज्यालो मार्ग निर्देशन गर्छ, जसको परिणामस्वरूप त्यो देश र समाज अनि राजनीतिमा अमूल्य र गतिशील परिवर्तन आउँछ। शिक्षाको व्यक्ति र समाजसँग अन्तरसम्बन्ध हुन्छ भने समाजद्वारा नै राजनीति संचालन हुने गर्छ। त्यसैले, असल राजनीति र राजनीतिज्ञका लागि शिक्षाको ठूलो महत्त्व छ। शिक्षाबिनाको राजनीति अर्थहीन हुन्छ भने विकसित राजनीतिमा बौद्धिक समाजको आवश्यकता हुन्छ। बौद्धिक समाज शिक्षाबिना कल्पना गर्न सकिँदैन।

राजनीतिक हस्तक्षेपका कारण नेपालमा शैक्षिक गतिविधि स्वतन्त्र रूपमा संचालित हुन सकेका छैनन्। शिक्षालाई राजनीतिमा मिसावट गरिँदा शैक्षिक गतिविधि नै प्रभावित भइरहेका छन्। विद्यालयदेखि विश्वविद्यालयसम्म पठनपाठन होइन, राजनीतिक गतिविधि हुन्छन्, जसको दुष्प्रभाव शैक्षिक संस्थाहरू सिक्ने थलो बन्न सकिरहेका छैनन्। शिक्षा त ज्ञानको ज्योति हो। शिक्षाले व्यक्ति र समाजलाई अँध्यारोबाट उज्यालोतर्फ लैजाने क्षमता बोकेको हुन्छ। राजनीति त्यो हो, जसले देश र समाजलाई राज्यको नीतिभित्र रहेर परिवर्तन गराउँछ। राजनीतिको मूल उद्देश्य भनेको जनता, समाज र देशलाई आर्थिक साथै सामाजिक उन्नति, प्रगतितर्फ लैजानु हो तर अहिले राजनीति शिक्षण संस्थामा बढी हुने गरेको पाइन्छ।

राजनीति गर्नेहरूले आफू नेतृत्वमा पुग्न शिक्षण संस्थालाई बढी प्रयोग गरेका पाइन्छ। आजभोलि राजनीति भन्नेबित्तिकै शिक्षण संस्था पनि परिचित हुन थालेको छ। अहिलेको अवस्था हेर्ने हो भने, गुणस्तरीय शिक्षा हासिल गर्न निजी विद्यालय नै जानुपर्छ भन्ने भाष्य सिर्जना भएको छ, जुन सरासर गलत हो।

सरकारी र निजी छुटयाउने बहानामा सरकारी विद्यालयलाई कमजोर देखाउन थालिएको छ। सरकारी विद्यालय भनेको राजनीति गर्ने ठाउँ भन्ने भाष्य सिर्जना गर्ने शिक्षित वर्ग नै देखिएको छ।

पछिल्लो समय शिक्षक, शिक्षिकामाथि कालोमोसो दल्ने, कुटपिट गर्नेजस्ता घटनाहरू देखिएका छन्, जुन विद्यार्थी राजनीतिको विकृत रूपसमेत हो। हाम्रो देशमा प्रत्येक क्षेत्रमा राजनीतिको प्रत्यक्ष प्रभाव भएकाले राजनीतिकर्मीलाई एक कुशल, सभ्य जिम्मेवार तथा असल भन्दा पनि असल नागरिक बन्नेतर्फ प्रेरित गर्नेखालको शिक्षा आजको आवश्यकता हो।

समयको मागअनुसार शिक्षाको विकास र विस्तार गर्न राजनीति केन्द्रित हुनुपर्ने हो। नेपालको सन्दर्भमा राजनीति भनेको हडताल, नाराबाजी, जुलुस, बन्द र अनशन जस्ता नकारात्मक कुरा मात्र हुन् भन्ने पाइन्छ। राजनीतिलाई एक फोहोरी खेलका रूपमा हेर्ने गरेको पाइन्छ, जुन गलत हो। राजनीति भनेको त आफैंमा एक विज्ञान हो। हामीले राजनीतिलाई राम्रोसँग अध्ययन-अनुसन्धान गर्‍यौं भने हामीले यसको महत्त्व बुझ्ने छौं। साँच्चै भन्ने हो भने, राजनीतिमा ऐतिहासिककालदेखि नै शिक्षाको ठूलो भूमिका रहिआएको छ।

राणा शासन समाप्त हुँदा २ प्रतिशतभन्दा कम रहेको साक्षरता दर व्यवस्था परिवर्तनसँगै क्रमशः बढ्न थाल्यो। विभिन्न कालखण्डदेखि अहिलेको कालखण्डसम्म शिक्षा क्षेत्रमा भएको विकासका कारणले नेपालको साक्षरता दर ७६ दशमलव ३ प्रतिशत पुगेको छ। बिस्तारै शिक्षामा भएको विकासले गर्दा देशको राजनीतिको व्यवस्थामा पनि परिवर्तन आइरहेको छ। पञ्चायती व्यवस्थाको अन्त्य, बहुदलीय व्यवस्था, गणतन्त्र व्यवस्था यो सबै शिक्षाको विकासका कारण नै राजनीतिमा भएको परिवर्तन हो तर, हाम्रो देशमा राजनीति गर्ने राजनीतिज्ञहरू भने कम शिक्षित छन्।

अब विकास गर्नका लागि राजनीतिक मूल्य, मान्यतामा परिवर्तन ल्याउन युवा वर्गले राजनीतिमा प्रवेश गर्नुपर्छ। साथै, मानिसहरूलाई राजनीतिका नकारात्मक पक्ष मात्र होइन, सकारात्मक पक्ष पनि देखाउनु र बुझाउनुपर्छ। विद्यार्थीले कस्तो गुणस्तरको अपेक्षा गर्ने भन्ने आजको समस्या हो। शिक्षण संस्थाहरूमा अनुशासित विद्यार्थी, लगनशील शिक्षक र सचेत अभिभावकको खाँचो पर्छ।

व्यावहारिक र नियमित आचारसंहिताको व्यवस्था कार्यान्वयन गरिनुपर्छ। राजनीतिकर्मीहरूले आफ्नो अधिकार र कर्तव्यको अज्ञानताका कारणले शिक्षामा राजनीति गर्नेले उनीहरूको भूमिका के हुनुपर्ला भन्नेबारे सोच्नु जरुरी छ, जहाँबाट शिक्षामा हस्तक्षेपको राजनीति गर्ने प्रवृत्तिलाई निरुत्साहन गर्न टेवा पुग्छ। शिक्षामा




"समृद्ध नेपाल : सुखी नेपाली"को सपना साकार पार्न दक्ष जनशक्ति उत्पादन गर्न साधन, स्रोत सम्पन्न व्यवस्थित शिक्षा हुनुपर्छ। राजनीतिले शिक्षा नीति बनाउने र देशलाई विश्वसामु एक नमुना राष्ट्र बनाउन राजनीतिकर्मीको अहं भूमिका रहन्छ...

राजनीति गरेर शैक्षिक वातावरणलाई तहसनहस बनाउने जोसुकैलाई अनुशासनको दायरामा ल्याउने तथा सार्वजनिक बहिस्कारसमेत गर्ने नीति अवलम्बन गर्नुपर्ने हुन्छ।

'समृद्ध नेपाल : सुखी नेपाली'को सपना साकार पार्न दक्ष जनशक्ति उत्पादन गर्न साधन, स्रोत सम्पन्न व्यवस्थित शिक्षा हुनुपर्छ। राजनीतिले शिक्षा नीति बनाउने र देशलाई विश्वसामु एक नमुना राष्ट्र बनाउन राजनीतिकर्मीको अहं भूमिका रहन्छ। राजनीतिमा आउने विकृति र विसंगतिलाई न्यूनीकरण गर्नका लागिसमेत शिक्षाको अहं योगदान रहन्छ।

शिक्षण संस्थामा आबद्ध शिक्षकदेखि उच्च पदाधिकारीहरूले विद्यार्थीको पठनपाठनलाई केन्द्रमा राखेर नीति, नियम, योजना निर्माण र कार्यान्वयन गरिनु अतिआवश्यक छ। सबैको कार्यदक्षताको मूल्यांकन गर्दा विद्यार्थीले हासिल गरेको उपलब्धिस्तरलाई प्रतिस्पर्धी श्रम बजारमा खपतका आधारमा प्रतिस्पर्धा गर्नुपर्छ। अब राजनीतिका नाममा आतंक फैलाएर शिक्षामा ह्रास आउने वातावरण अन्त्य गरिनुपर्छ। परम्परागत प्रवृत्तिबाट माथि उठेर समस्याको निकास खोज्न जरुरी देखिन्छ। संविधान, मुलुकको क्षमता र बालबालिकालाई केन्द्रबिन्दुमा राखेर शैक्षिक गतिविधिलाई संयमित र मर्यादित बनाउनु अहिलेको आवश्यकता हो।

## इतिहासमा आज

२ मे २००८ मा चिलीमा चैतेन ज्वालामुखी विस्फोट भएको थियो, जसले सयौं परिवारलाई विस्थापित बनाएको थियो।



२ मे २०११ मा ११ सेप्टेम्बरको आक्रमणका संदिग्ध मास्टर माइन्ड र एफबीआईको मोस्ट वान्टेड व्यक्ति ओसामा बिन लादेनलाई पाकिस्तानको एबोटाबादमा संयुक्त राज्य अमेरिकाको नौसेना सिलहरूले मारेका थिए।



२ मे २०१२ मा नर्वेली चित्रकार एडवर्ड मुन्चद्वारा लिखित 'द स्क्रिम'को पेस्टल संस्करण १२० मिलियन डलरमा विक्री भएको थियो, जसले लिलामीमा कलाकृतिका लागि नयाँ विश्व रेकर्ड स्थापित गरेको थियो।



२ मे २०१४ मा अफगानिस्तानको बदख्सानमा गएका २ वटा पहिरामा परी २ हजार ५०० जना बेपत्ता भएका थिए।



# कश्मीर घटना र नेपालभित्रको विवाद

विचार



● नजरूल हसन फलाही

*कश्मीर घटनापछि खासगरी तराई-मधेशमा ठूला-ठूला ब्यानर बनाई इस्लामविरोधी नारा लगाउँदै प्रदर्शनहरू भएका छन्। केही सांसदले सार्वजनिक मञ्चबाटै कश्मीरको घटनालाई आधार बनाएर नेपालका मुस्लिम समुदायमाथि निराधार आरोप लगाएका छन्। यस्तो आरोप-प्रत्यारोप निकै गम्भीर प्रकृतिको छ। नियोजित देखिन्छ...*

केही समयअघि भारतको कश्मीरमा भएको आतंककारी हमलामा २८ जनाले ज्यान गुमाउनुपरेको दुःखद् घटनाले सबैलाई स्तब्ध बनाएको छ। यस घटनामा १ नेपाली नागरिकको पनि दुःखद् निधन हुन पुग्यो। यो घोर अमानवीय, निर्दयी र कायरतापूर्ण आक्रमण थियो।

जुन आतंकवादी मानसिकताले काश्मीरको घटना घटाइएको छ, त्यस्तै आतंकवादी मानसिकताका केही कट्टरपन्थी समूहहरूले हिन्दु धर्मको खोल ओढेर यस घटनालाई बहाना बनाई अनेक किसिमका उत्तेजित तथा अभद्र टिप्पणीहरू गरेर नेपालभित्र धार्मिक द्वन्द्व भड्काउने प्रयास गरिरहेका छन्।

आतंकवादको कुनै धर्म हुँदैन। इस्लाम होस् वा हिन्दु धर्म वा कुनै पनि धर्मले हिंसा र द्वेषको समर्थन गर्दैन। कश्मीरमा केही आतंककारीहरूले कथित रूपले इस्लामको नाम लिएर मानवताविरोधी कार्य गरेजस्तै नेपालमा केही समूहहरू हिन्दु धर्मको नाममा मुस्लिम समुदायप्रति आक्रोश र घृणा फैलाउने प्रयास गरिरहेका छन्।

अहिले उनीहरूले मुस्लिमहरूलाई आतंकित गरिरहेका छन् र बहुसंख्यक नेपाली जनतालाई मुस्लिमहरूका विरुद्धमा उक्साइरहेका छन्। शब्दमार्फत, अभिव्यक्तिमार्फत, सामाजिक संजालमार्फत उनीहरूले गरिरहेका यस्ता उत्तेजक गतिविधिहरू पनि आतंकवादकै स्वरूप हुन्, जसले समाजमा डर, द्वेष र विखण्डन निम्त्याउँछन्।

संचार माध्यमहरूमा भनिएझैं यदि धर्म सोधेर पर्यटकहरूलाई मारिएको हो भने, त्यो गम्भीर विषय हो। तर, धेरै भारतीय मिडियाले यस दाबीको खण्डन गरेका छन्। घटनामा परेका तथा प्रत्यक्षदर्शीहरूले लुकेर हमला गरेका बताएका छन्। घटनामा ठूलो संख्यामा मुस्लिमहरूको पनि हताहत भएको छ।

कश्मीरमा भएको यस घटनाबारे गम्भीर अनुसन्धान हुनु आवश्यक छ। यस घटनाको समय र प्रवृत्तिले यो कुनै विशेष आतंककारी उद्देश्य प्राप्त गर्न सुनियोजित षडयन्त्र हुन सक्ने संकेत गरिरहेको छ। यसबारे भारतीय विश्लेषकहरूले समेत प्रश्न उठाएका छन्।

अर्कातर्फ, ती आतंकवादीविरुद्ध कारबाही गरिएको कुरा पनि समाचारमा आएको छ। अर्थात्, उठाउनुपर्ने कदम पनि सम्बन्धित निकायले उठाएको छ। विश्लेषकहरूका शब्दमा त्यहाँ पर्यटकको सुरक्षा भारत सरकारले पहिल्यै सुनिश्चित गर्नुपर्थ्यो तर पर्यटकको घुइँचो लागेका ठाउँमा करिब आधा घण्टासम्म अप्रिय घटना भइरहँदा पनि सुरक्षा संयन्त्र पुगेको थिएन। आतंककारीलाई उम्कने अवसर दिइयो। यो गुप्तचर निकायको बिफलता हो।

कश्मीर घटनापछि खासगरी तराई-मधेशमा ठूला-ठूला ब्यानर बनाई इस्लामविरोधी नारा लगाउँदै प्रदर्शनहरू भएका छन्। केही सांसदले सार्वजनिक मञ्चबाटै कश्मीरको घटनालाई आधार बनाएर नेपालका मुस्लिम समुदायमाथि निराधार आरोप लगाएका छन्। यस्तो आरोप-प्रत्यारोप निकै गम्भीर प्रकृतिको छ। नियोजित देखिन्छ। यसले समाजलाई थप गलत दिशातर्फ उद्यत गराउँछ।


एउटा अन्तर्राष्ट्रिय घटनाको सन्दर्भमा एउटा सांसदले संवैधानिक निकाय मुस्लिम आयोगसँग जबाफ मागेका छन्। यो सरासर गलत र कानुनी अनभिज्ञताको नतिजा हो। अन्तर्राष्ट्रिय घटनाबारे परराष्ट्र मन्त्रालयले बोल्ने हो, कुनै संवैधानिक निकायले होइन।

तर्क नै गर्ने हो भने, के टीकापुर घटनाबारे थारू आयोगले विज्ञप्ति निकालेको थियो र ? के म्यान्मारमा भएको नरसंहारबारे नेपाली बौद्ध समाजले माफी माग्नुपर्ने हो ? गुजरातमा गर्भवती महिलाको बलात्कारपछि पेट चिरेर बच्चा निकाली त्रिशूलमा लट्काएको घटनाप्रति नेपाली हिन्दु समाजले जबाफ दिनुपर्ने हो ? विदेशमा कुनै दलितले अपराध गर्दा नेपाल दलित आयोगले सफाइ दिनुपर्ने हो ?

निश्चित कुनै घटनालाई लिएर कुनै धर्म, जात, भाषा वा क्षेत्रका आधारमा द्वेष फैलाउने काम बन्द गरौं। चाहे इस्लामको नाममा होस्, चाहे हिन्दुको नाममा वा अन्य कसैको नाममा, आतंक फैलाउने, आतंकित नाराहरू लगाउने मानवका शत्रु हुन्, देशद्रोही हुन्। यस्ताबाट सचेत बनौं। अरूलाई सचेत गराऔं। शान्ति, सद्भाव, सहिष्णुता र राष्ट्रिय एकताको पक्षमा उभिऔं। कुनै पनि धर्मविशेषका संवैधानिक संस्थाहरूमाथि अन्यायपूर्ण दबाब सिर्जना नगरौं।


**(लेखक इस्लामी संघ नेपालका अध्यक्ष हुन्।)**

## सामाजिक सञ्जाल




**रञ्जित तामाङ**

मुद्दा विचाराधीन छँदै रिगल ढकालको नजिर देखाउँदै रेशम चौधरी पक्राउ ! त्यो पनि फैसला कार्यान्वयन इकाईबाट नभई सिधै कर्मचारीबाट पुलिसलाई पत्राचार ! अनि, पत्राचार गर्ने कर्मचारी पक्राउ ! आगामी वर्ष अदालतमा भुत मन्साउन, वायु पिचास भगाउनलाई बजेटको व्यवस्था गरे बडो काइदा हुन्थ्यो कि !



**राजेन्द्र सापकोटा**

पत्र लेख्छन् अदालतका कर्मचारी, दोष लगाउँछन् प्रधानमन्त्रीलाई। तर, अदालतको आदेश कार्यान्वयन गराउने दायित्व प्रहरीको हो। हाम्रो व्यवस्थामा न्यायपालिकाको आदेश सरकार र नागरिकले अनिवार्य रूपमा पालना गर्नै पर्छ। गाली गर्दा सत्यतथ्यमा उभिएर गरौं। झुट जति पटक दोहोर्‍याए पनि झुट नै हुन्छ।



**सिर्जना सिंह**

प्रजातन्त्र र लोकतन्त्रले बन्दीलाई आरामसाथ, अझ भनौं, गर्वसाथ भेट्न जाने भन्ने मौका पाएका छन्। पञ्चायतकालमा गणेशमान सिंहको घर अगाडि कुनै कारणवश बाइक स्टार्ट भएन भने पनि घिसारेर अलि माथिसम्म पुर्‍याउँथे रे ! कथम्कदाचित कसैले देखे भने जागिरै जाने डरले.. .। तैपनि विरोधको आवाज कम छैन।



**बाबुलाल भण्डारी**

ओलीले 'अझै २०-२५ वर्ष कसैले चियाउन पर्दैन' भनेको तेस्रो दिनमा प्रचण्डले झण्डै उस्तै भनाइ ल्याए- 'मलाई अझै २-३ कार्यकाल नेतृत्वमा रहने बाध्यता छ।' यी २ जना मिलेर देउवालाई पनि सोही प्रकृतिको दाबी तेर्स्याउन प्रेरित गरेजस्तो छ। त्रिमूर्ति बाहिर भिन्न-भिन्न, भित्र अभिन्न।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ। - सं.

# ‘एनआरएनएको अधिकार सुनिश्चित गर्न ऐन निर्माण प्रक्रियामा’

**काठमाडौं/मस**–गृहमन्त्री रमेश लेखकले गैरआवासीय नेपाली (एनआएनए)नागरिकतासमेत नेपाली नागरिकताकै एकरूप भएको बताउँदै सरकारले आवश्यक अधिकार सुनिश्चित गर्न कानून बनाउने तयारी भइरहेको बताएका छन् । नेपाली कांग्रेसको जनसम्पर्क विभागले बिहीबार पार्टी केन्द्रीय कार्यालयमा आयोजना गरेको कार्यक्रममा मन्त्री लेखकले यस्तो बताएका हुन् ।

संविधानले गैरआवासीय नेपाली नागरिकलाई राजनीतिक अधिकार बाहेकका अधिकार दिने व्यवस्था गरे पनि व्यवहारमा उनीहरूले सेवा प्राप्त गर्न कठिनाइ भोग्नुपरेको उनको भनाइ छ । मन्त्री लेखकका अनुसार गैरआवासीय नेपालीको नागरिकता सार्थक र संविधानको भावनाअनुसार हुनेगरी ऐन बनाउन विधेयकको मस्यौदा सुझावका लागि विभिन्न मन्त्रालयमा पठाइएको छ। उनले वर्तमान ऐनले अधिकारको सुनिश्चितता नगरेको स्वीकार गर्दै नयाँ ऐनमार्फत सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार सुनिश्चित गरिने स्पष्ट पारे।



उनले भने,‘गैरआवासीय नागरिकता नागरिकता नै हो। संविधान बनाउँदाखेरी गैरआवासीय मनागरिकलाई राजनीतिक अधिकार बाहेकका अधिकार प्रयोग गर्नेगरी दिइएको थियो। त्यही लिमिटेसन सबै प्रकारका नागरिकतामा छन् । नागरिकता पाइएपनि अधिकार प्राप्त नभएको आजको मुख्य मुद्दा हो। अहिले बैंक मालपोत लगायतका काममा जाँदा गैरआवासीय नागरिकता चिन्दैन, नेपाली नागरिकता माग्छ । अहिले नयाँ ऐन बनाउनको लागि परराष्ट्र मन्त्रालयले विधेयक मस्यौदा बनाइरहेको छ । यसका लागि अहिले सुझाव संकलनका लागि विभिन्न मन्त्रालयमा पुगेको छ । गैरआवासीय नागरिताधारीलाई सामाजिक, आर्थिक तथा सांस्कृति अधिकार दिनको लागि सरकार प्रतिवद्ध छ । अहिलेको ऐनले अधिकारको सुनिश्चिता गरेको थिएन । अब बन्ने ऐनले त्यसलाई सम्बोधन गर्नेछ ।’

सरकार गैरआवासीय नेपालीलाई कानूनी रूपमा समावेश गर्न र उनीहरूको योगदानलाई संस्थागत गर्न प्रतिबद्ध रहेको मन्त्री लेखकको भनाइ छ ।

# बेथिति, भ्रष्टाचारविरुद्ध लाग्ने जुम्ला वाईसीएलको प्रतिबद्धता

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १८ वैशाख




जुम्लामा फैलिएको अन्याय, भ्रष्टाचार र सामाजिक विकृतिको विरुद्धमा लाग्ने वाईसीएल नेपालले प्रतिबद्धता जनाएको छ । केही समयदेखि सुस्ताएको महसुस गरेको वाईसीएल नेपाले अब व्याप्त बेथितिविरुद्ध आवाज उठाउने प्रतिबद्धता जनाएको हो । भर्खरै गठन भएको सामाजिक-सचेतना समूह वाईसीएल नेपालले बिहीबार आफ्नो आगामी कार्ययोजना पत्रकार भेटघाटमार्फत सार्वजनिक गरेको छ। कार्यक्रममा वाईसीएल नेपालका कन्द्रीय सदस्य नवराज शाहीले स्थानीय तहदेखि केन्द्रसम्म फैलिएको कमजोर प्रशासन, जनताका अधिकार माथिको अतिक्रमण, तथा सामाजिक न्यायको अभावलाई मध्यनजर गर्दै अब वाईसीएलले काम गर्ने बताए।

उनले अब वाईसीएल प्रतिक्रियावादी र गलत कामकोबिरुद्ध सडकमा उत्रन बाध्य हुने बताए । त्यस्तै वाईसीएलका कर्णाली प्रदेश इन्चार्ज कृष्ण बुढाले रगत र बलीदानीबाट आएको संघीय गणतन्त्रको रक्षा गर्नका निम्ति लाग्ने बताए। उनले जहाँ जनताको अधिकार कुण्ठित बनाइएको छ, त्यहाँ वाईसीएल चुप लागेर नबस्ने बताए । त्यस्तै माओवादी केन्द्र निकटको युवा संगठन, योङ कम्युनिस्ट लिग(वाईसिएल) नेपालले जुम्लामा छैटौं जिल्ला सम्मेलनबाट निर्वाचित भएका अध्यक्ष खगेन्द्र कार्कीले वाईसीएलको प्रमुख उद्देश्य संगठनको नयाँ नेतृत्व चयन गर्नु र आगामी संगठन विस्तारका कार्यक्रमहरूको योजना बनाउनु रहेको बताए ।

उनले तत्काल गठन भएको आफ्नु नेतृत्वको ७१ सदस्य वाईसीएलको कमिटीले जुम्ला जिल्लामा भएका सामाजिक, प्रशासनिक, वा राजनीतिक विकृति र अन्यायहरुप्रति काम गर्ने बताए।

# वीरगन्ज नाकामा कडाइ पहिचान खुल्ने परिचयपत्र अनिवार्य



**वीरगन्ज/मस**-भारतको कश्मीरको पहलगाममा भएको आतंकवादी आक्रमणपछि भारत र पाकिस्तानबीच तनाव उत्पन्न भएको बेला पर्सास्थित नेपाल-भारत नाकामा कडाइ गरिएको छ। देशकै प्रमुख व्यापारिक नाका वीरगन्ज-र क्सौल नाकामा दुवै देशका सुरक्षाकर्मीले सुरक्षा सतर्कता अपनाउँदै सीमा आवतजावतमा कडाइ गरेका हुन्। दुवै देशका सुरक्षाकर्मीले नेपालबाट भारत जाने र भारतबाट नेपाल आउने सर्वसाधारणलाई पहिचान खुल्ने परिचयपत्र हेरेरमात्रै प्रवेश अनुमति दिएका छन् ।

यसअघि भारतमा नेपालीले यात्रा गर्दा हवाई तथा रेलमार्गमा मात्र परिचयपत्र अनिवार्य थियो। नेपालमा यात्रा गर्दा भारतीयलाई भने कुनै परिचयपत्र देखाउनुपर्ने अनिवार्यता थिएन। त्यस्तै सीमावर्ती भारतीय बजार क्षेत्रमा आवतजावत गर्दा नेपालीलाई पनि परिचयपत्र अनिवार्य थिएन।

बिहारको पश्चिम चम्पारणमा १५ वैशाखमा बसको दुवै देशका सीमावर्ती क्षेत्रका सीमा सुरक्षा बल प्रमुखहरूको बैठकले नेपाल-भारत सीमा नाकामा आवतजावत गर्नेहरूको चेकजाँचमा कडाइ गर्ने सहमति भएको थियो।

बैठकमा सहभागी पर्साका सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले सीमा आवतजावत गर्नेहरूको चेकजाँचमा कडाइ गर्ने सहमति भएको जनाए।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले पनि नेपाल-भारत आवतजावत गर्नेहरूको सीमा नाका चेकजाँचमा कडाइ गरिएको बताए। नाकाबाट हुनसक्ने अवैध घुसपैठ र अनधिकृत व्यक्तिको प्रवेशलाई निरुत्साहित गर्न सीमा नाकामा थप सतर्कता अपनाएर चेकजाँचमा कडाइ गरिएको अर्यालले बताए। भारतीय समकक्षीहरूको सूचना र समन्वयमै वीरगन्ज नाकामा पनि अहिले चेकजाँचमा कडाइ गरिएको उनले बताए।

भारत-पाकिस्तानबीचको सम्बन्धमा पछिल्लो समय विकसित अवस्थालाई पनि मध्यनजर गर्दै नाकाको चेकजाँचलाई प्रभावकारी बनाइएको उनले बताए।

## पत्रकार महासंघद्वारा निःशुल्क स्वास्थ्य परीक्षण




**काठमाडौं/मस**–नेपाल पत्रकार महासंघले विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको छ। विश्वभर हरेक वर्ष मे ३ मा विश्व प्रेस स्वतन्त्रता दिवस मनाइन्छ।

सोही अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको सहकार्यमा महासंघको केन्द्रीय कार्यालयमा नसर्ने रोगको परीक्षण गरिएको हो। शिविरमा बिएमआइ (बडी मास इन्डेक्स), उच्च रक्तचाप, मधुमेह, मिर्गौलासम्बन्धी जाँच गरिएको थियो । पाठेघरको मुखको स्क्रिनिङ भने नाम टिपाएकाहरुले पायक पर्ने सरकारी अस्पतालमा गर्न सकिने आयोजकले जनाएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले मानिसको व्यस्तता बढेसँगै जीवनशैलीमा परिवर्तन आएका कारण नसर्ने रोगको जोखिम बढ्दै गएको बताए । उनले भने,‘नसर्ने रोग रोकथाम गर्न सकिने रोग हो। बेलैमा रोकथाम गर्न सके पछि जटिल रोग लाग्दैन। स्वस्थ्य जीवनशैली अपनाउनुपर्छ। शारीरिक र मानसिक स्वास्थ्य दुवै महत्वपूर्ण छ।’

जनस्वास्थ्य कार्यालय, काठमाडौंका प्रमुख वसन्त अधिकारीले नियमित व्यायाम तथा स्वस्थ खानपानमा ध्यान दिंदा नसर्ने रोगबाट बच्ने सकिने बताए । उनले भने, ‘नेपाली समाजमा हेर्ने हो भने मोटोपन, मधुमेह, हाइपरटेन्सन बढ्दो छ। नसर्ने रोगको नियन्त्रणमा सबै लाग्नुपर्छ।’

नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माले समाचारलाई पहिलो प्राथमिकतामा राख्ने पत्रकारहरुले स्वास्थ्यको ध्यान सोचेजस्तो राख्न नसकेको बताइन्। उनले भनिन्, ‘पत्रकारहरु असुरक्षित वातावरण तथा भौतिक आक्रमणको सामना गरिरहेका हुन्छन्। तथापी जहिल्यै पनि समाचारलाई पहिलो प्राथमिकतामा राख्छन्। स्वास्थ्यप्रति सजग हुनुपर्छ भनेर थाहा हुँदाहुँदै पनि नियमित परीक्षण गरिरहेका हुँदैनन्। स्वास्थ्यप्रति सचेतना फैलाउन यो शिविर आयोजना गरेका हौं।’

# देशभरका ५६ स्थानीय तहमा प्लास्टिकजन्य फोहोरको अनुसन्धान

**बागलुङ/मस**– प्लास्टिकजन्य फोहोर व्यवस्थापनका लागि देशभरका ५६ पालिकामा अध्ययन गर्न थालेको छ। प्लास्टिकजन्य फोहोरको प्रकार, प्रकृति र व्यवस्थापनका लागि नमूनाका रूपमा देशभरका ५६ पालिकामा अध्ययन भइरहेको हो।

यसको जिम्मा अभ्नी दिगोपना केन्द्रले पाएको छ। सो संस्थाका अनुसन्धानकर्ता इन्जिनियर गगन शर्माले हाल बागलुङ नगरपालिकासहित गण्डकी प्रदेशका पाँच र देशभरका ५६ स्थानीय तहमा एकैसाथ अध्ययनको काम भइरहेको बताउनुभयो। वन तथा वातावरण मन्त्रालयको सहकार्यमा छ महिनाभित्र काम सक्ने गरी अध्ययन सुरु भएको उनले जानकारी दिए।

यसअघि २०१३ मा एसियाली विकास बैंक र २०२० मा विश्व बैंक प्लास्टिकजन्य फोहोरको विषयमा नेपालमा पहिलो पटक अध्ययन गरिएको शर्माले बताए। ‘देशभरका ५६ पालिकामा चार समूह बनाएर अध्ययन भइरहेको छ, जसमा इन्जिनियरदेखि फोहोर व्यवस्थापन क्षेत्रका अनुसन्धानकर्ता खटिएका छन् । असारभित्र प्रतिवेदन तयार गरी सक्छौं’, शर्माले भने, ‘अध्ययनका घरमा घरदेखि फोहोर संकलन केन्द्रसम्म पुगेर नमूनाका रूपमा तथ्यांक लिन्छौं, एउटा पालिकामा तीन पटकसम्म अध्ययनपश्चात् प्रतिवेदन तयार पारिन्छ। यसमा एउटा नागरिकले सरदरमा कति प्लास्टिकजन्य फोहोर उत्पादन र त्यसको व्यवस्थापन कसरी भइरहेको छ भनेर हेरिरहेका छौं।’

यसमा गण्डकी प्रदेशको पोखरा महानगरपालिका, वालिङ नगरपालिका, बागलुङ नगरपालिका, मंगला गाउँपालिका र घरपझोङ गाउँपालिकामा अध्ययन भइरहेको अध्ययन भइरहेको छ। प्रारम्भिक अध्ययनका क्रममा बागलुङ नगरपालिकामा कुल फोहरमा २५ देखि ३० प्रतिशत प्लास्टिकजन्य फोहोर उत्पादन हुने गरेको देखिएको इञ्जिनियर शर्माले बताए।

‘बागलुङ बजारमा उत्पादन भएको प्लास्टिकजन्य फोहोरमध्ये ९० प्रतिशत एक पटक मात्रै प्रयोगमा आउने र १० प्रतिशत पुनः प्रयोगमा ल्याउने गरेको अध्ययनका क्रममा पाइएको छ। एक पटक मात्रै प्रयोगमा आएको प्लास्टिक प्रयोगले प्लास्टिकजन्य फोहोरको उत्पादनमा वृद्धि भएको पाइएको छ’, उनले भने,‘ विश्वमा फोहोरको १४ प्रतिशत प्लास्टिकजन्य फोहोर उत्पादन हुने गरेकामा बागलुङ नगरपालिकामा भने २५ देखि ३० प्रतिशत प्लास्टिकजन्य फोहोर उत्पादन भएको अध्ययनले देखाएको छ।’

बागलुङ नगरपालिकाका नगर उपप्रमुख राजु खड्का यस अध्ययनले नगर क्षेत्रको फोहर व्यवस्थापनमा थप सहयोग पुग्ने विश्वास व्यक्त गर्छन् । प्लास्टिकजन्य फोहोरले हिमाल, नदी, पहाड समुन्द्र हुँदै मानव स्वास्थ्य र सम्पूर्ण वातावरणमा असर गर्ने भएकाले अध्ययनपछि सरकारले ल्याउने नीतिले नगरपालिकालाई समेत सहज बनाउने उनको भनाइ छ।

## धनपालथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सोराभाग, मोरङ्ग
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

**सूचना प्रकाशन मिति २०८२/१/१९**

यस धनपालथान गाउँपालिकाको आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०८१।११।२७ गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित विद्युतीय बोलपत्र आहवानको सूचना अनुसार तपसीलमा उल्लेखित निर्माण कार्यका लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही रहेका बोलपत्रहरु मूल्याङ्कन समितिबाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ।

**तपशील**

| क्र.सं. | ठे.नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मू.अ.कर. र पि एस बाहेक) |
|---|---|---|---|---|
| १ | DPTRM/SBG/NCB/ WORKS-१७/०८१/८२ | कदमाहा नोचा सडकको ( कदमाहा खण्ड ) कालोपत्रे गर्ने धनपालथान -०७ | आकृति कन्स्ट्रक्सन रंगेली -०२ , मोरङ | रु.३७,०१,७०४।५० |

थप शर्तहरु तथा जानकारीको लागि यस गा.पा. को **Website:dhanapalthanmun.gov.np** बाट जानकारी लिन सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

**QATR मा रोजगार** Hireme For Trading & Services
पुनः विज्ञापन, पुर्व स्वीकृती मिति: २०८१/९/२४ चलानी नं. : ६०२१७१४४ LT No.: 302405

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Clean Worker | 2 | 1 | साधारण | 1100 | ४०,८००|- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ बैशाख २६ गते (9 May, 2025) यस प्रा. लि. को कार्यालय बालकुमारी, ललितपुरमा हुनेछ ।
diana overseas डायना ओभरसिज प्रा. लि. श्रम ईजाजत पत्र नं :४०८/०६०/०६१
बालकुमारी, ललितपुर, फोन: ५१८६३८४, ५१८६३८५, ५१८६३२८, ५१८६४२९

**साइप्रसमा रोजगार** कम्पनी : C & C Private Employment Agency शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८०/०८/२७ चलानी नं.: ६०२११५०२ LT. No.: 296483 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1235 | १८९,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chambermaid | 0 | 2 | | 1061 | १६३,००१ | | | | | | | |
| 3. | Cook | 2 | 0 | | 1300 | १९९,७१९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २६ गते (9 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

Seasonal Manpower Company Pvt. Ltd.
टाउनप्लानिङ, सामाखुसी, काठमाडौं, फोन: नं.: ०१–४९८०५३८, Email: seasonalmp@gmail.com
Mobile: 9851082831, 9705083832, 9705082831
श्रम इजाजत नं ९८५/०६७/०६८

**साउदीमा रोजगार** कम्पनी : KITCHEN CLUB FACTORY COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१०/२० चलानी नं.: ६०२३२३८५ L.T. No.:318181 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,१५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Ghusun Salman Salim al Masoudi Women's Beauty Salon शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०१/१० चलानी नं.: ६०२३६७७६ L.T. No.:322386

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Abdulrahman Ajab Al Otaibi Medical Company शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०१/१२ चलानी नं.: ६०२३६७७५ L.T. No.: 322602

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hospital Cleaning Labour | 0 | 3 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Akbar Hail Factory for Industry शहर : Sakaka
पूर्व स्वीकृत मिति: २०८१/०७/०९ चलानी नं.: ६०२२७२३७ L.T. No.: 312803 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ बैशाख २६ गते (9 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Fast Employment Service (P.) Ltd.
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com
Gov. Lic No. 1399/074/075

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१९ वैशाख २०८२ शुक्रबार
2 May 2025, Friday

# सिक्किममा 'जार'को वर्ल्ड प्रिमियर दर्शकबाट उत्कृष्ट प्रशंसा



**सिक्किम/मस–** यही २६ वैशाखदेखि सार्वजनिक प्रदर्शनमा आउन लागेको चलचित्र 'जार'को सिक्किममा ग्रान्ड वर्ल्ड प्रिमियर सम्पन्न भएको छ । सिक्किम गान्तोकस्थित वाज्रा वर्ल्डमा आयोजित प्रिमियरमा विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने विशिष्ट व्यक्तित्वहरू तथा सिक्किमबाट नेपाली चलचित्र उद्योगमा प्रतिनिधित्व गर्ने चलचित्रकर्मीहरूको उपस्थिति थियो । चलचित्रको प्रिमियरमा सहभागी हुन निर्देशक फुर्वा छिरिङ लामाको नेतृत्वमा अभिनेताद्वय सौगात मल्ल र अनुपविक्रम शाहीसहितको टिम नेपालबाट सिक्किम पुगेको थियो । ७०० सिट क्षमताको वाज्रा हल अतिथि दर्शकबाट भरिएको थियो । पारिवारिक कारणवश अभिनेत्री गीताञ्जली थापा भने आफ्नो चलचित्रको पहिलो प्रिमियरमा सहभागी हुन सकिनन् ।

चलचित्र हेरिसकेपछि स्थानीय दर्शकले उत्कृष्ट प्रतिक्रिया दिएका छन् । चलचित्रलाई पर्दामा नियाल्दै केही घण्टा मात्र पनि आफ्नै समाजको इतिहासको साक्षी बस्न पाउँदा सिक्किमेली दर्शक कोही भावुक त कोही उत्साहित देखिए ।

कलाकार, निर्देशक, सिनेमाटोग्राफी, बीजीएम र भीएफएक्सलाई दर्शकले तारिफ गरे । गायिका तथा संगीतकार झुमा लिम्बूको संगीत प्रशंसाको केन्द्रमा पर्ने अर्को पक्ष बन्यो । नवकलाकार सुस्मिता भुजेलको अभिनय कलालाई पनि दर्शकले स्वागत गरेका छन् ।

वरिष्ठ साहित्यकार इन्द्रबहादुर राईको कथामा आधारित चलचित्रले कृतिलाई पूर्णतः न्याय गरेको निर्देशक साम्तेन भुटियाले बताए । नेपाली मौलिकता पस्केको 'जार' अभिनय, निर्देशक र प्राविधिक सबै पक्षमा अब्बल बनेको उनको भनाइ छ ।

'धेरै चलचित्रमा निर्देशकलाई भेट्नै मुस्किल पर्छ, यो चलचित्रमा हरेकजसो दृश्यमा निर्देशकलाई पाउन सकिन्छ, राम्रो चलचित्रको बलियो पक्ष नै यो हो', साम्तेनले भने, 'धेरै लामो दृश्यमा संवाद नै नराखी पनि निर्देशकले दर्शकलाई होल्ड गर्न सफल छ, एउटा सिर्जनशील मेकर नेपाली चलचित्रले पाएको छ ।' दिग्गज अभिनेता उत्तम प्रधानले चलचित्र उत्कृष्ट बनेको भन्दै सम्पूर्ण टिमलाई बधाई दिए । कलाकारको अभिनय र निर्देशकीय पक्षलाई तारिफ गर्न समय खर्चेका प्रधानले नेपाली दर्शकले आफ्नो समाजको विगत थाहा पाउन 'जार' एक पटक हेर्नै पर्ने चलचित्र रहेको बताए ।

मुख्यतः निर्देशक फुर्वा लामा, अभिनेत्री गीताञ्जली, अभिनेताद्वय सौगात र अनुपविक्रम दर्शकको प्रशंसाको केन्द्रमा परे । चलचित्र हेरिसकेपछि उनीहरूसँग तस्बिर र सेल्फीका लागि दर्शकले पालो पर्खेर बसेका थिए ।

चलचित्रमा महँगो लगानीमा भीएफएक्सबाट तयार गरिएको बाघको दृश्यले सबैको ध्यान खिच्यो । जस्ताको तस्तै उतार्ने प्रयत्नसहित तयार गरिएको दृश्य पर्दामा आउँदा दर्शकले सिटी र तालीले स्वागत गरे ।

निर्देशक फुर्वा छिरिङ लामाले आफूले सोचेको भन्दा राम्रो प्रतिक्रिया पाएको भन्दै कतिपय ठाउँमा गरिएका नयाँ प्रयोग र जोखिमलाई दर्शकले अनुमोदन गरेका बताए । 'खेलाडीले खेल सकेपछि कस्तो खेल्यो र के सिक्न पायो भन्ने हुन्छ, दर्शक प्रतिक्रियाले उत्साहित छु, वर्षौंको मिहिनेतले सम्मान पाउँदा खुसी छु', उनले भने । अभिनेताद्वय सौगात र अनुपविक्रमले सिक्किमेली दर्शकसँगै बसेर चलचित्र हेर्दा राम्रो प्रतिक्रिया पाएको भन्दै चलचित्र पारखीलाई 'जार'ले तृप्त बनाउने बताए । इन्द्रबहादुर राईको अमर कृतिमा आधारित चलचित्रलाई पनि दर्शकले अमर बनाउने विश्वास सौगात र अनुपको छ ।

सिक्किम लोकसभा डेपुटी स्पिकर राजकुमारी थापा प्रमुख अतिथि रहेको कार्यक्रममा अतिथिका रूपमा सिक्किम प्रहरी प्रमुख अक्षय सच्देवा, लोकसभा सदस्य इन्द्रहाङ सुब्बा, मुखमन्त्रीका राजनीतिक सल्लाहकार ज्याकव खालिम, सिक्किम सरकारका प्रवक्ता कर्मा सुब्बा, मुख्यमन्त्री कार्यालय सचिव एसडी ढकाललगायतका विशिष्ट राजनीतिक व्यक्तित्वहरूसहित नेपाली चलचित्र निर्माता सुष्मा गुरुङ, निर्देशक साम्तेन भुटिया, प्रशान्त रसाइली अभिनेता उत्तम प्रधानलगायत उपस्थित थिए ।

सिक्किमपछि ३ मेमा सिलगुडीमा यो चलचित्रको दोस्रो प्रिमियर तय गरिएको छ । बिहीबार दार्जिलिङ पुगेर प्रचारात्मक कार्यक्रम सम्पन्न गरेपछि 'जार' टिम सिलगुडी पुग्ने छ ।

सरवानन इलावार्सुको छायांकन रहेको चलचित्रमा अखिलेश राईको सम्पादन छ । चलचित्रको कार्यकारी निर्मातामा त्रिलोचन पाण्डे, निरज राई, नुर्साङ भुटिया, ज्योति क्षेत्री र पेमा रिन्जिङ लेप्चा छन् । होप रिल्स, एलए सेभेन सर्ट्स, बराल स्टुडियो र किवा प्रोडक्सनको सहकार्यमा यो चलचित्र निर्माण भएको हो ।

## ३ करोड खर्चेर फतेहीलाई नेपाल ल्याइँदै




**काठमाडौं/मस–** काठमाडौंमा 'नोरा फतेही लाइभ इन' हुने भएको छ । यही ३ जेठमा हायात होटलको ग्राउन्डमा कार्यक्रम हुन लागेको हो । नोरालाई नेपाल ल्याउन झन्डै ३ करोड खर्च हुने भएको आयोजकले जनाएको छ । नोरासँगै १६ कोरस डान्सर आउन लागेका हुनाले खर्च धेरै हुन लागेको आयोजकले जनाएको छ ।

वर्ल्ड वाइड फिल्म्स नेटवर्क प्राइभेट लिमिटेडको आयोजनामा हुन लागेको 'नोरा फतेही लाइभ इन नेपाल'मा तेरिया मगर, दुर्गेश थापा, द भ्वाइस अफ नेपालका चन्द्रकला राईलगायत ५ जनाको प्रस्तुति रहने छ ।

आयोजकका अनुसार नोरासँग गायक दुर्गेश थापाले विशेष प्रस्तुति दिने तालिका छ । आयोजकले यो लाइभ शोबाट उठेको पैसा अनाथ बालबालिकालाई पढाइमा मदत गरिरहेको ह्युमन रेस्पेक्ट नेपाललाई दिने बताएको छ ।

---

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मितिः २०८२/०१/१९**

यस बैंकको विभिन्न शाखा कार्यलयहरुबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, व्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालय : राजविराज, सप्तरी**

**१. ऋणी फर्मको नाम र ठेगाना**

**ऋणीको नाम : न्यू अनुपम बस्त्रालय**
रजिष्टर्ड ठेगाना : राजविराज न.पा. वडा नं.०१, सप्तरी
रजिष्ट्रेशन नं. : १५१४/०६९/०७० (घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज)
पान नं. : ६००६८६२१७

**ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगाना**

यदुनन्दन साह रौनियारको नाती, जगदिश प्रसाद साह रौनियारको छोरा, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०७, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०६, बस्ने **हर्षबर्धन कुमार गुप्ता** (ना.प्र.नं.४१६८, जारी मिति २०६१/०६/१३, जिल्ला सप्तरी)

**जमानीकताहरुको नाम र ठेगाना**

जगदिश प्रसाद साह रौनियारको बुहारी, रामदेव प्रसाद गुप्ताको छोरी, हर्षबर्धन कुमार गुप्ताको पत्नी, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०७, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०६, बस्ने **मंमता देवी गुप्ता** (ना.प्र.नं.१६१००१/५, जारी मिति २०६३/११/२५, जिल्ला सप्तरी)

**२.ऋणीको नाम र ठेगाना**

यदुनन्दन साह रौनियारको नाती, जगदिश प्रसाद साह रौनियारको छोरा, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०७, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०६, बस्ने **हर्षबर्धन कुमार गुप्ता** (ना.प्र.नं.४१६८, जारी मिति २०६१/०६/१३, जिल्ला सप्तरी)

**जमानीकर्ताको नाम र ठेगाना**

जगदिश प्रसाद साह रौनियारको बुहारी, रामदेव प्रसाद गुप्ताको छोरी, हर्षबर्धन कुमार गुप्ताको पत्नी, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०७, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०६, बस्ने **मंमता देवी गुप्ता** (ना.प्र.नं.१६१००१/५, जारी मिति २०६३/११/२५, जिल्ला सप्तरी)

**३. ऋणी फर्मको नाम र ठेगाना**

**ऋणीको नाम : मंमता ट्रेडर्स**
रजिष्टर्ड ठेगाना : राजविराज न.पा. वडा नं.०१, सप्तरी
रजिष्ट्रेशन नं. : ४७४४/०७३/०७४ (घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज)
पान नं. : ६०५४३३०४५

**ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगाना**

जगदिश प्रसाद साह रौनियारको बुहारी, रामदेव प्रसाद गुप्ताको छोरी, हर्षबर्धन कुमार गुप्ताको पत्नी, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०७, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०६, बस्ने **मंमता देवी गुप्ता** (ना.प्र.नं.१६१००१/५, जारी मिति २०६३/११/२५, जिल्ला सप्तरी)

**जमानीकर्ताको नाम र ठेगाना**

यदुनन्दन साह रौनियारको नाती, जगदिश प्रसाद साह रौनियारको छोरा, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०७, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०६, बस्ने **हर्षबर्धन कुमार गुप्ता** (ना.प्र.नं.४१६८, जारी मिति २०६१/०६/१३, जिल्ला सप्तरी)

**शाखा कार्यालय : कुलेश्वर, काठमाडौं**

**४. ऋणीको नाम र ठेगाना**

श्री चुडा राज थपलिया को नाति, श्री हेम प्रसाद थपलिया को छोरा, काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं.०७ स्थाई ठेगाना भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा वडा नं. ५ बस्ने श्री **अच्युत थपलिया** (ना.प्र. नं. १७४९/२६६५, जारी मिति बि.सं.२०६२/०२/०४, तेस्रो प्रतिलिपी मिति बि.सं.२०७६/०५/१८, जि.प्र.का, काठमाडौं )

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री चुडा राज थपलिया की बुहारी, श्री विष्णु प्रसाद घिमिरे की छोरी, श्री हेम प्रसाद थपलिया की पत्नी, धनुषा जिल्ला भरतपुर गा.वि.स वडा नं. १ स्थाई ठेगाना भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा वडा नं. ५ बस्ने श्रीमती **पविता देवी थपलिया** (ना.प्र.नं. १२८८६३३३, जारी मिति बि.सं.२०४०/१२/१७, जि.प्र.का,धनुषा)
२. श्री हेम प्रसाद थपलिया की बुहारी, श्री विनोद कुमार अर्याल की छोरी, श्री अच्युत थपलिया की पत्नी, पर्सा जिल्ला वीरगंज म.न.पा वडा नं. १६ स्थाई ठेगाना भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा वडा नं. ५ बस्ने श्रीमती **बीना अर्याल** (ना.प्र.नं. ३४१०२२/६६५६, जारी मिति बि.सं.२०६६/०१/२२, जि.प्र.का, पर्सा)

**शाखा कार्यालय : लौकही, सुनसरी**

**५. ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम : युबराज ढुवानी तथा निर्माण सामाग्री सप्लायर्स**
रजिष्टर्ड ठेगाना : कोशी गाउँ पालिका वडा नं.-२,सुनसरी
रजिष्ट्रेशन नं. : ०५ (कोशी गाउँ पालिका २ न. वडा कार्यालय, प.कुशाहा सुनसरी, १ न. प्रदेश नेपाल)
रजिष्ट्रेशन मिति : २०७५/०८/१७
पान नं. : ६०८८५१५५४

**फर्मको प्रोप्राईटर तथा जमानीकर्ताको नाम र ठेगाना**

श्री मुगालाल यादवको नाती , श्री रामेश्वर यादवको छोरा, श्रीमती मन्जु देवी यादवको श्रीमान, सुनसरी जिल्ला, पश्चिम कुशाहा गा.वि.स.वडा नं. १ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला कोशी गा.पा. वडा नं. २ बस्ने श्री **प्रभु नारायण यादव** (ना.प्र.न ७७८७०/७८८७० जारी मिति : २०६०/०२/०८, जि.प्र.का.सुनसरी)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री रामेश्वर यादवकी बुहारी, श्री राम प्रसाद यादवकी छोरी, श्री प्रभु नारायण यादवकी श्रीमती, सुनसरी जिल्ला, पश्चिम कुसाहा गा.वि.स.वडा नं. १ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला कोशी गा.पा. वडा नं. २ बस्ने श्रीमती **मन्जु देवी यादव** (ना.प्र.नं. ११४४०८, जारी मिति २०६३/०६/२७, जि.प्र.का.सुनसरी)
२. श्री मुगालाल यादवको नाती, श्री रामेश्वर यादवको छोरा, सुनसरी जिल्ला, प.कु. गा.वि.स.वडा नं. १ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला कोशी गा.पा. वडा नं. २ बस्ने श्री **शंभु यादव** (ना.प्र.नं.६२६६३/६३६६३ जारी मितिः २०५८/०५/२५, जि.प्र.का. सुनसरी)
३. श्री मुगालाल यादवको नाती, श्री रामेश्वर यादवको छोरा, सुनसरी जिल्ला, पश्चिम कुशाहा गा.वि.स.वडा नं. १ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला कोशी गा.पा. वडा नं. २ बस्ने श्री **शिव नारायण यादव** (ना.प्र.नं. ०६१०४५/१५१५४८ जारी मितिः २०६७/०३/२८, जि.प्र.का.सुनसरी)
४. श्री रामेश्वर यादवकी बुहारी, श्री सुर्य नारायण यादवकी छोरी, श्री शंभु यादवकी श्रीमती, सुनसरी जिल्ला, प.कुशाहा गा.वि.स.वडा नं. १ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला कोशी गा.पा. वडा नं. २ बस्ने श्रीमती **कविता देवी यादव** (ना.प्र.नं. ७७८३७/७८८३७ जारी मितिः २०६०/०२/०७, जि.प्र.का.सुनसरी)
५. श्री रामेश्वर यादवकी बुहारी, श्री रामा नन्द यादवकी छोरी, श्री शिव नारायण यादवकी श्रीमती, सुनसरी जिल्ला, कोशी गा.पा.वडा नं. २ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला कोशी गा.पा. वडा नं. २ बस्ने श्रीमती **रुकमा कुमारी यादव** (ना.प्र.नं. ०६-०१-७४-०६६६६ जारी मितिः २०७४/०५/०५, जि.प्र.का.सुनसरी)

**शाखा कार्यालय : कटहरी, मोरङ्ग**

**६. ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम : अर्सना टेलर्स**
रजिष्टर्ड ठेगाना : कटहरी गा.वि.स. वडा नं.७, मोरङ्ग (हाल कटहरी गा.पा.वडा नं.४, मोरङ्ग)
रजिष्ट्रेशन नं. : ३६ (गाउँ विकास समितिको कार्यलय, कटहरी)
रजिष्ट्रेशन मिति : २०७३/०५/०८
पान नं. : ६०५१८०८४६

**फर्मको प्रोप्राईटरको नाम र ठेगाना**

श्री जुबेर मियाँ को नाती, श्री हासिव मियाँ को छोरा, श्रीमती निखत वानो शेष को पति कोशी प्रदेश, मोरङ्ग जिल्ला कटहरी गा.वि.स.वडा नं.०७ स्थाई ठेगाना भई हाल कोशी प्रदेश, मोरङ्ग जिल्ला, कटहरी गा.पा. वडा नं. ०४ बस्ने श्री **अजहर मियां** (ना.प्र.नं. ज.७/२८, जारी मिति बि.स. २०६४/०१/०९, जि.प्र.का. मोरङ्ग)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री हसिब मियाँ को बुहारी, श्री कादिर शेष की छोरी, श्री अजहर मियां की पत्नी, कोशी प्रदेश, मोरङ्ग जिल्ला कटहरी गा.वि.स. वडा नं.७ स्थाई ठेगाना भई हाल कोशी प्रदेश, मोरङ्ग जिल्ला, कटहरी गा.पा. वडा नं. ४ बस्ने श्रीमती **निखत वानो शेष** (ना.प्र.नं.५६८५७, जारी मिति वि.सं.२०५७/१२/२८, जि.प्र.का. मोरङ्ग)
२. श्री नफरु मियाँ को नाती, श्री स्व. जुबेर मियाँ को छोरा, श्रीमती रहतुन खातुन को पति, कोशी प्रदेश, मोरङ्ग जिल्ला कटहरी गा.वि.स.वडा नं.७ स्थाई ठेगाना भई हाल कोशी प्रदेश, मोरङ्ग जिल्ला, कटहरी गा.पा. वडा नं. ४ बस्ने श्री **हसिव मियाँ** (ना.प्र.नं. ज.०५३००८/७४१, जारी मिति वि.सं.२०६३/११/०४, जि.प्र.का. मोरङ्ग)
३. श्री हसिब मियाँ की नातीनी, श्री अजहर मिया की छोरी, कोशी प्रदेश, मोरङ्ग जिल्ला कटहरी गा.पा.वडा नं.४ स्थाई ठेगाना भई हाल कोशी प्रदेश, मोरङ्ग जिल्ला, कटहरी गा.पा. वडा नं. ४ बस्ने सुश्री **अर्सना खातुन** (ना.प्र.नं. ०५-०१-८०-१४७५८, जारी मिति वि.सं.२०८०/०७/१५, जि.प्र.का. मोरङ्ग)
४. श्री हसिब मियाँ की नातीनी, श्री अजहर मिया की छोरी, कोशी प्रदेश, मोरङ्ग जिल्ला कटहरी गा.पा.वडा नं.४ स्थाई ठेगाना भई हाल कोशी प्रदेश, मोरङ्ग जिल्ला, कटहरी गा.पा. वडा नं. ४ बस्ने सुश्री **नुरसना खातुन** (ना.प्र.नं. ०५-०१-८०-१४७५९, जारी मिति वि.सं.२०८०/०७/१५, जि.प्र.का. मोरङ्ग)

**शाखा कार्यालय : सानोश्री, बर्दिया**

**७. ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम : अकिँत खाद्य उद्योग प्रा.लि**
दर्ता नं. र मिति : २७४२८१/०७८/०७९ , २०७८/०६/१८
दर्ता स्थान : कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौ
पान नं. र दर्ता मिति : ६१०१२१०५८ र २०७८/०६/१८
दर्ता स्थान : आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज बाँके

**कम्पनी सञ्चालकको नाम र ठेगाना**

कृष्ण प्रसाद लामीछानेको छोरी, नन्दलाल अधिकारीको बुहारी, तुलाराम अधिकारीको श्रीमती, बर्दिया जिल्ला सानोश्री गा.वि.स. वडा नं. ३ स्थाई ठेगाना भई, हाल बर्दिया जिल्ला मधुवन न.पा. वडा नं. ५, बस्ने **लक्ष्मी अधिकारी** (ना.प्र.नं. ६५१००२/२३१२, जारी मिति २०६९/०४/२९, जि.प्र.का. बर्दिया)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

गोविन्द अधिकारीको नाती, नन्दलाल अधिकारीको छोरा, बर्दिया जिल्ला सानोश्री गा.वि.स. वडा नं. ०३ स्थाई ठेगाना भइ हाल बर्दिया जिल्ला मधुवन न.पा. वडा नं. ५, बस्ने **तुलाराम अधिकारी** (ना.प्र.नं १४८७८, जारी मिति २०५८/०६/१६, जि.प्र.का. बर्दिया)

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

**युएईमा रोजगार**
कम्पनी : DUSSMANN GULF- SOLE PROPRITORSHIP L.L.C. शहर : DUBAI LT. No.: 310960
पूर्व स्वीकृत मितिः २०८१/०६/०२ चलानी नं.: ६०२२५५३८ पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 25 | 39 | स. काममा दक्ष | 800 | २९,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २६ गते (9 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LMP Govt.Lic.No. 1679/080/81
**Leading Manpower Recruitment Services Pvt.Ltd.**
Mid baneshwor, Kathmandu, Nepal, Tel No.: 01-4500260, 01-4500262, 9802070439, 9802070428, 9802370906, Email: leadingmanpower.recruitnepal@gmail.com

**यूएई र साउदीमा रोजगार**
कम्पनी : XAD TECHNOLOGIES - SOLE PROPRIETORSHIP L.L.C शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३६७७ LT. No.: 309107 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cable Jointer Technician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६६७०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter Labour | 1 | 0 | | 1500 | ५५५९० | | | | | | | |
| 3. | Helper (Civil/construction) | 5 | 0 | | 1000 | ३७०६० | | | | | | | |
| 4. | Mason (Block, Plaster,ceramic) | 9 | 0 | | 1500 | ५५५९० | | | | | | | |
| 5. | Splicer/comm. Tech. | 2 | 0 | | 1800 | ६६७०८ | | | | | | | |

कम्पनी : DYNAMIC PROJECTS CONTRACTING COMPANY शहरः Ras Tanura
पूर्व स्वीकृत मितिः २०८१/१०/०६ चलानी नं.: ६०२३१५७४ LT. No.: 317394 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Equipment Operator/Heavy Driver | 5 | 0 | | 1800 | ६५३२२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ वैशाख २५, २६, २७ र २८ गते (8, 9, 10 & 11 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउथ एशियन इम्प्लोएमेन्ट प्रा. लि.**
एयरपोर्ट -०९, सिनामंगल, काठमाडौं, नेपाल
फोन: ०१-४५८२०९८, ०१-४५८२०९९. मोबाइल नं: ९८०११७७७७५, ९८५१००८०५१
Email: saehrm@gmail.com, info@saenepal.com.np, Web: www.saenepal.com.np

## उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**उदयपुरगढी, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८२/०१/१९ (ने.सं.१४४५ वक्षलाथ्व, ०५ शुक्रबार)**

यस उदयपुरगढी गाउँपालिकाको आ.व. २०८१/०८२ को १८ औं हिउँदे गाउँ सभाबाट स्विकृत तपशिल बमोजिमको निर्माण कार्य गर्नु पर्ने भएकोले ईजाजत प्राप्त फर्म/कम्पनीहरूलाई उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वक **विद्युतीय खरिद प्रक्रिया (E–Bid)** मार्फत सहभागी हुन जानकारीको लागि यो बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

| ठेक्का नं. र प्रकार | कामको विवरण | बोलपत्र लागत (VAT बाहेक) रकम | बोलपत्र जमानत रकम | बोलपत्र फाराम खरिद रकम | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | रकम जम्मा सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|---|
| URM/NCB/ Works/07-2081/082 | Construction of Ward Office Building (First Floor and Roof Top) of Ward No.6 | ७०,१०,५८१.९४/- | १,८५,०००/- | ३,०००/- | २०८२/०२/१९ समय : दिनको १२:०० बजे सम्म । | २०८२/०२/१९ समय : दिनको १:०० बजे सम्म । | **सानिमा बैंक लि.** राजश्व खाता नं. १२४०१००४००००००१ धरौटी खाता नं. १२४०१००४००००००१५ |

**नोटः** दरभाउपत्र सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयको वेव साईट :www.udayapurgadhimun.gov.np हेर्नु हुन अथवा सम्पर्क नं. ९८५२८३५२७८/ ९८५२८३५२७/ ९८४२९५१६३१/ ९८५२८३५८११ कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

कोशी लगानी सम्मेलन

# युवालाई उद्यमशीलतामा लाग्न प्रधानमन्त्रीको आग्रह

**मध्यान्ह संवाददाता**
विराटनगर, १८ वैशाख ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा लगानीका लागि उपयुक्त वातावरण रहेकाले ढुक्क भएर लगानी गर्न स्वदेशी र विदेशी लगानीकर्तालाई आग्रह गरेका छन् ।

कोशी प्रदेश सरकारद्वारा आयोजित कोशी लगानी सम्मेलन, २०८२ को बिहिबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले अनेक हिसाबले जुनसुकै क्षेत्रमा नेपालमा लगानीका निम्ति उपयुक्त वातावरण रहेकाले आन्तरिक र बाह्य लगानी परिचालनमा ध्यान दिन प्रशासनिक क्षेत्रलाई पनि आग्रह गरे ।




'पूर्वाधार निर्माण भइसकेको समय भएकाले ढुक्कले लगानी गर्न सक्नुहुन्छ । लगानीका लागि सरकारका तर्फबाट कुनै समस्या पर्न दिइन्न । कोशी प्रदेश पूर्वाधार विकास र सडक सञ्जालसँग जोडिएको छ । लगानी गरेर उत्पादन बजारमा लाने समयसम्म एसियालीस्तरको छ लेनको पूर्व पश्चिम राजमार्ग हामी बनाइसक्छौं । हामी कच्चा पदार्थ पनि ल्याउन सक्छौं । त्यसकारण हरेक क्षेत्रमा नयाँ नयाँ सम्भावनाहरुलाई हामीले पहिल्याउन सक्छौं ।', प्रधानमन्त्री ओलीले भने 'देशमा सामान ल्याउन र लान कुनै हिसाबले रोकिँदैन । आफ्नो उत्पादनको बजार कोशी प्रदेशका विभिन्न कोरिडोर र नाकामा लान सक्ने गरी बाटो बनिसकेको छ । विराटनगरसहित विभिन्न विमानस्थल विस्तार गरिनेछ । सांस्कृतिक, धार्मिक र पर्यटकीय क्षेत्रका साथै सगरमाथासहित विभिन्न हिमाल र जडिबुटीहरुको थलो कोशीका जनता शिक्षित र मेहनती छन् । त्यस कारण पनि यहाँ लगानीको प्रचुर सम्भावना रहेको छ ।'

प्रधानमन्त्री ओलीले उद्यमशीलता दशक मनाउन सकिए रोजगारी दशक सफल हुने उल्लेख गर्दै भने, 'म युवाहरुलाई भन्न चाहन्छु, जागिरको खोजीमा नभौंतारिनुस्, उद्यमशीलतामा लाग्नुस् । त्यसका लागि सोच, तालिम र सहयोगमा सरकारले साथ दिन्छ ।' प्रधानमन्त्री ओलीले विश्वको सर्वोच्च शिखर सगरमाथालाई सगरमाथाकै नामबाट विश्वमा ब्राण्डिङ गर्न आग्रह गर्दै 'माउन्ट एभरेष्ट' भनिरहन नपर्नेमा जोड दिए ।

प्रधानमन्त्री ओलले अन्तर्राष्ट्रिय श्रम संगठनको मान्यताअनुसार श्रमको सम्मान दिन तथा रोजगारादाता र श्रमिकबीच संवादका साथै ट्रेड युनियन अधिकारको रक्षाका लागि नेपाल सरकार स्पष्ट रहेको पनि लगानीकर्तालाई अवगत गराए ।

## भारतबाट थप ६ सय मेगावाट विद्युत् आयात



**काठमाडौं/मस–** ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको विशेष पहलमा भारतबाट आयात हुँदै आएको ६०० मेगावाट विद्युतको समयावधि बिहिबारदेखि थप भएको छ ।

उक्त निर्णयसँगै अब औद्योगिक क्षेत्रहरूमा दिउँसो ५ बजेसम्म निर्वाध विद्युत आपूर्ति सुनिश्चित हुने भएको छ । ऊर्जा मन्त्री दीपक खड्काको प्रत्यक्ष पहलमा नेपाल विद्युत प्राधिकरण र भारत सरकारबीचको समन्वयबाट यो सहमति कार्यान्वयनमा आएको हो । नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्र देव शाक्यका अनुसार, भारतको ढल्केबर-मुजफ्फरपुर ४०० केभी अन्तरदेशीय प्रसारण लाइनमार्फत आपूर्ति हुँदै आएको ६०० मेगावाट विद्युतको समयावधि अब बिहान २ बजेदेखि साँझ ५ बजेसम्म कायम गरिएको छ। यसअघि यो समय बिहान ६ बजेदेखि साँझ ५ बजेसम्म सीमित थियो।

नदी तथा खोलानालामा पानीको बहाव बढेसँगै देशभित्रै जलविद्युत उत्पादनमा उल्लेख्य वृद्धि भएको भए तापनि, औद्योगिक मागलाई पूरा गर्न भारतबाटको आयात अझै अपरिहार्य रहेको प्राधिकरणको भनाइ छ । मन्त्रालय, प्राधिकरण र मन्त्री खड्काको व्यक्तिगत सक्रियतामा गरिएको यो कूटनीतिक पहलबाट औद्योगिक क्षेत्रलाई सहज रूपमा कार्य सञ्चालन गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

## '१० वर्ष नीतिगत परिवर्तन नगर्नेगरी सहमति आवश्यक'

**काठमाडौं/मस–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले देशमा लगानी अभिबृद्धिका लागि लगानी दशक घोषणा गरी लगानी सम्बन्धी एकिकृत कानून बनाई लागु गर्न सरकारसंग आग्रह गरेका छन् । विराटनगरमा सुरु भएका कोशी प्रदेश लगानी सम्मेलन-२०८२ को उद्घाटनका अवसरमा बोल्दै अध्यक्ष ढकालले सो आग्रह गरेका हुन् ।

उनले आगामी १० बर्षलाई लगानी दशकको रुपमा घोषणा गर्न, लगानीसंग सम्बन्धित कानुनहरु वन, वातावरण र भूमि समेत एकिकृत गरि एकिकृत लगानी संहिता बनाउन तथा विभिन्न निकायले फरक व्याख्या गर्ने क्रमको अन्त्य गर्नु पर्ने धारणा राखे ।

यस्तै उनले लगानी र आर्थिक विकासका लागि नीतिगत स्थायित्व आवश्यक्ता रहेकोमा जोड दिए । 'लगानी र आर्थिक विकासका लागि नीतिगत स्थायित्व अबको आवश्यत्ता हो । राजनीतिक



अस्थिरताका बीचमा पनि नीतिगत स्थायित्व हुँदा धेरै देशले विकास गरेका प्रशस्तै उदाहरणहरु छन् । सबै दलहरुले कस्तीमा अबको दश वर्ष नीतिगत परिवर्तन नगर्ने गरी सहमति गर्नुपर्छ । कानूनको अपव्याख्या गर्ने र एक अर्को कानून बाँझिने अवस्था अन्त हुनुपर्छ भन्ने हाम्रो धारणा छ ।' उनले भने ।

अबको बजेट र मौद्रिक नीतिले लगानी सहजीकरणका बिषयलाई प्रमुखताका साथ अगाडि बढाउनुपर्ने उल्लेख गर्दै अध्यक्ष ढकालले यसपटकको बजेट नयाँ चरणको आर्थिक सुधारको प्रस्थानविन्दु बन्नुपर्ने विचार व्यक्त गरे । व्यवसायको दर्ता नागरिक एपबाट हुने व्यवस्था गर्न, कर बुझाएको आधारा स्वतः नविकरण हुने व्यवस्था गर्न तथा विदेशी लगानीलाई अनलाइनबाट सबै प्रक्रिया पुरा गरेपछि फाइल बुझाए पुग्ने व्यवस्था गरि फाइल लगानीकर्ता आफैले डुलाउँदै हिडनुपर्ने अवस्थाको अन्त्य गर्न अध्यक्ष ढकालले सरकारसंग आग्रह गरे । यस्तै उनले लगानी बोर्ड, उद्योग विभाग लगायत अन्य निकाय एकिकृत गरि अधिकारसम्पन्न लगानी सहजीकरण निकायको निर्माण गरि लगानी सहजीकरणलाई जोड दिन आग्रह गरे । देशमा पूर्वाधार विकासमा पूँजीको अभाव नहोस भनेर महासंघकै पहलमा १० अर्ब पुँजी भएको पब्लिक लिमिटेड कम्पनी स्थापना गरि काम शुरु गरिसकेका जानकारी दिँदै उनले यसले पूर्वाधारमा लगानीको अभावलाई थोरै भएपनि हटाउन सघाउ पुग्ने बताए ।

### लगानीमैत्री वातावरणबाट आर्थिक समृद्धि : चेम्बर

**काठमाडौं/मस–** नेपाल चेम्बर अफ कमर्सले श्रमिक वर्गको सुरक्षा, लगानीमैत्री वातावरण मार्फत आर्थिक समृद्धि हासिल गर्नुपर्नेमा जोड दिएको छ । १ सय ३६ औं अन्तराष्ट्रिय श्रमिक दिवस, मे १ अथार्त अन्तराष्ट्रिय मजदुर दिवसको अवसरमा चेम्बर सम्पुर्ण श्रमजीवीको हकहित र अधिकारको पक्षमा रहेको जनाएको छ । नेपालको संविधान २०७२ ले श्रम सम्वन्धी हकलाई पनि मौलिक हकका रुपमा व्याख्या गरेको भन्दै चेम्बरले सामाजिक सुरक्षा कोषलाई अझै प्रभावकारी बनाउनुपर्नेमा जोड दिएको छ । श्रम सम्बन्धी ऐन नियमहरुमा समय सापेक्ष सुधार र संशोधन गर्नुपर्ने भन्दै चेम्बरले रोजगारदाता र श्रमिकबीचको पारस्परिक सम्वन्धले नै उत्पादन र उत्पादकत्व बढ्ने एवं समग्रमा दिगो आर्थिक विकास गर्न सकिने उल्लेख गरेको छ । चेम्बरले श्रमिकको स्वास्थ्य सेवालाई सहज र प्रभावकारी बनाउन समेत सरकारसंग माग गरेको छ ।


**उर्लाबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**उर्लाबारी, मोरङ**
**कोशी प्रदेश नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मितिः २०८२/०१/१९)**

यस नगपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधी भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएको बोलपत्र मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं | आयोजनाको नाम | स्वीकृत फर्म | कवोल अंक (मू.अ.कर. सहित) |
|---|---|---|---|
| URL-Pavingblock-Ward5-W-NCB-28-081/82 | Construction of Paving Block at Milijuli Marga,Ka, Udhyog Banijya Sanghpaschim, Balbhadra Marg Urlabari-5, Morang | B.R.T. Inframatic, Biratnagar-1, Morang | 45,93,142.87/- |
| URL-Beautification-Ward5-W-NCB-27-081/82 | Urlabari-5 Pushpnagari Saunadaryikaran, Morang | Dhanyawi Engineering Construction and Solution Pvt. Ltd. Sundarharicha-6, Morang | 98,63,931.40/- |


कर्पोरेट

## सिद्धार्थ बैंकको सहयोगमा विद्यालय पुनर्निर्माण



**काठमाडौं/मस –** सिद्धार्थ बैंकले सानीभेरी गाउँपालिका-१, रुकुम पश्चिम स्थित श्री जनप्रिय आधारभुत विद्यालयको भवन पुनर्निर्माणको शिलान्यास गरेको छ । २०८० साल कात्तिक १७ गते गएको भूकम्पले क्षतिग्रस्त उक्त विद्यालयको दुई वटा भवन मध्ये एक भवनको पुनर्निर्माण कार्य बैंकको सहयोगद्वारा हुन लागेको हो । कुल एक सय ७५ जना विद्यार्थी अध्ययनरत रहेको यस विद्यालयमा बाल कक्षादेखि कक्षा ८ सम्मको पठनपाठन सञ्चालन भइरहेको छ ।

शिलान्यास कार्यक्रममा सानीभेरी गाउँपालिका, रुकुम पश्चिमका अध्यक्ष विर्खबहादुर विष्ट, उपाध्यक्ष कमला रोका पुन, सोहि गाउँपालिका-वडा नं.१ का वडा अध्यक्ष टेकबहादुर पुन, कार्यपालिका सदस्य सेते कामी, अभिभावक संघको अध्यक्ष तुताराम खड्का, जनप्रिय आधारभुत विद्यालयका प्रधानाध्यापक लाले राना मगर, सिद्धार्थ बैंक लिमिटेड मुसिकोट शाखाका शाखा प्रबन्धक ओपेन्द्र विष्ट लगायत अन्य शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका सदस्य तथा अभिभावकहरूको उपस्थिति रहेको थियो ।

## लक्ष्मी इ-मोबिलिटी र जीओ अटोमोबाइल्स सम्मानित

**काठमाडौं/मस –** नेपालका लागि काइयी मोटर्सको आधिकारिक वितरक लक्ष्मी ई-मोबिलिटी र जीओ अटोमोबाइल्सलाई चीनको यिबिनमा आयोजित काइयी अटो ग्लोबल बिजनेस सम्मेलन २०२५ मा संयुक्त रूपमा 'मोस्ट प्रोमिसिग पार्टनर' पुरस्कारबाट सम्मानित गरिएको छ । यो पुरस्कारले लक्ष्मी ई-मोबिलिटी र जीओ अटोमोबाइल्सलाई नेटवर्कभरिका ५० क्षेत्रीय वितरकहरूमध्ये उत्कृष्ट प्रदर्शन गर्ने वितरकहरूमा उभ्याएको छ।




सो सम्मानले लक्ष्मी ई-मोबिलिटी र जीओ अटोमोबाइल्सको नेपाली बजारमा काइयी सवारी साधनहरूलाई ग्राहकसम्म पुर्याउने र प्रवर्द्धन गर्ने उत्कृष्ट प्रयासप्रतिको प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको कम्पनीले जनाएका छन् ।

## रियलमी मोबाइलले ल्यायो सरल किस्ता योजना

**काठमाडौं/मस–** रियलमीले प्रिमियम स्मार्टफोनहरूलाई नेपालभरका प्रयोगकर्ताहरूका लागि थप पहुँचयोग्य बनाउन इन्स्टान्ट फाइनान्स योजना ल्याएको छ । यस योजना अन्तर्गत प्रयोगकर्ताहरूले केवल आफ्नो नागरिकता प्रमाणपत्र पेश गरे सहज र सुविधाजनक मासिक किस्तामा रियलमी स्मार्टफोन किन्न सकिनेछ । रियलमीको यस योजनामा गुडविल फाइनान्स र जगदम्बा हायर पर्चेजले प्रयोगकर्ताहरूलाई थप सुविधा सम्पन्न स्मार्टफोनहरू सजिलैसँग प्राप्त गर्ने अवसर प्रदान गरेको छ ।




यो योजना अन्तर्गत, प्रयोगकर्ताहरूले रियलमीका लोकप्रिय मोडलहरू छनौट गर्न सक्नेछन् । ३३ हजार ९ सय ९९ रुपैयाँ मूल्य रहेको नार्जो ७० प्रोको १३ हजा ५ सय ९९ रुपैयाँको डाउन पेमेन्टमा र १६ सय ९९ रुपैयाँको मासिक किस्तामा उपलब्ध रहेको छ । त्यस्तै थप बजेट-अनुकूल विकल्प खोज्नेहरूका लागि, रियलमी सि ७५ (८+१२८जीबी स्टोरेज) २६ हजार ९ सय ९९ रुपैयाँमा पर्नेछ, जसमा १० हजार ७ सय ९९ रुपैयाँको डाउन पेमेन्ट र १३ सय ४९ रुपैयाँको मासिक किस्तामा पाइनेछ ।

त्यसैगरी वैकल्पिक रूपमा, ८ जीबी ऱ्याम र २५६ जीबी स्टोरेज भएको सि-७५ २९ हजार ९ सय ९९ रुपैयाँमा खरिद गर्न सकिन्छ, जसको डाउन पेमेन्ट ११ हजार ९ सय ९९ रुपैयाँ र मासिक भुक्तानी केवल १४ सय ९९ रुपैयाँ पर्नेछ ।


**हावाहुरीबाट जोगिने उपाय**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं,
- छानालाई चोया, तार, काठ, हुकलगायतका सामग्रीको प्रयोग गरेर बलियो पारौं,
- जस्तापातालगायतका सामग्रीहरु खुला र जथाभावी नराखौं,
- हावाहुरी चलेको बेला भागदौड नगरौं,
- सवारी साधन चलाएको बखत हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं,
- पैदल यात्रामा रहेको समयमा हावाहुरी चलेमा र ओत नभेटेमा थुचुक्क बसेर दुबै हातले टाउँको छोपी घोप्टो परौं ।

**हावाहुरी रोक्न सकिदैन, तर पूर्वतयारी गर्दा हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
**यदी छ भने हामीलाई सम्झनुहोस् ।**

हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

**नुम्स कम्प्युटर्स प्रा.लि.**
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**